
# लेखापरीक्षण प्रतिवेदन

# गौरिशंकर गाउँपालिका, दोलखा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गौरिशंकर गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/321

**विषयः**लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
गौरिशंकर गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय,

दोलखा ।

## कैफियतसहितको राय

हामीले गौरिशंकर गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण,स्थानिय संचितकोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएकोआर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण,स्थानिय संचितकोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरण ले नेपाल सार्वजनिक क्षेत्र लेखामान( नगदमा आधारित )र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. गाँउपालिकाकोआर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिकसुरक्षा तथा संरक्षणको रु. ११ करोड ७५ लाख १२ हजार, स्वास्थ्य पूर्वाधार

कार्यक्रमको रू. २ करोड ४५ लाख ७ हजार,गाउपालिका प्रशासकिय भवनको रू.३७ लाख ७८ हजार रस्वास्थ्यक्षेत्र सुधार कार्यक्रमको रु.१५ लाख ७० हजारसमेत गरी रु.१४ करोड ७३ लाख ६७हजार समावेश गरेको छैन ।

२. गाँउपालिकाकोरु. १ अर्ब २८ करोड ३० लाख ४५ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ११ लाख ५२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. २ लाख ३ हजार प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.८ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७८ लाख ४२ हजार. र नियमित गर्नुपर्ने रु. १ करोड २२ लाख ६० हजार रहेको छ। गत वर्षसम्म रु.२३ करोड ४४ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२५ करोड ५४ लाख ३७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको,स्विकृत कार्षक्रममा लक्ष्य अनुसार प्रगति हुन नसकेकोले विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, , आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, गाँउपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८४ | १०३ | २११५२३३४ | ० | ४ | २०३१९४ | ० | ८४ | ९९ | २०९४९१४० | ८४७०३५ | १२२६०३३३ | ७८४१७७२ | ० | ० | २०१०११०५ | ० |

अद्यावधिक बेरुजू स्थिति (रु हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | २३४४८८ | ० | ० | २३४४८८ | ० | २०९४९ | २५५४३७ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ९ | भरपाई पेश नभएको | ४५९१४.० |
| २ | २०८०/८१ | ११ | फोटोकपी विल | १४२३२३.० |
| ३ | २०८०/८१ | ३० | जिल्ला दर रेट भन्दा वढि भूक्तानी | ११६००.० |
| ४ | २०८०/८१ | ७८.३ | उपभोक्ता समितिको काम | ३३५७.० |
| | **जम्मा** | | | **२०३१९४** |

# (८०३२२३५०२३०० - गौरिशंकर गाउँपालिका, दोलखा )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा,४७ गाउसभा सदस्य ६८१.३९ वर्ग किलोमिटर क्षेत्रफल तथा १५९९५ जनसंख्या रहेको छ ।

।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०८।२७ देखि २०८१ ।०९।०१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत वडा, गाउसभा सदस्य वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या रहेको छ । ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च)** आर्थिक कारोबारको स्थिति :- कार्यालयको विनियोजनतर्फ आय – व्यय को रू १२८३०४४४६९.४२ लेखापरीक्षण सम्पन्न गरिएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

आय व्यय विवरण

गौरीशंकर गाउँपालिका,दोलखा

आ.व. ८०।८१

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ४७८३८१४३।७४ | १ | नगरपालिका खर्च | | ४८५४१७६६०।३० |
| | क) संचित कोष | | | | चालु खर्च | ३३३२३०५१३।६० | |
| | ख) अन्य कोष | | | | पूँजीगत खर्च | १५२१८७१४६।७० | |
| २ | राजस्व ( आन्तरिक आय) | | १४१४५७२१०।८४ | २ | अन्तर सरकारी निकासा | | १४७३६७७३८।०० |
| | क) आन्तरिक राजस्व | ३७६२०९१।९६ | | | क) सामाजिक सुरक्षा | ११७५१२६४८।०० | |
| | ख) राजस्व बाँडफाँड | १३७६९५११८।८८ | | | ख)स्वास्थ्य पुर्वाधार | २४५०७४२४ | |
| | ग) अन्य आय | | | | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यउक्रम | १५७०००० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३०१८५३५५४।६० | | घ)स्थानिय तह प्रशासकिय भवन | २७७७६६६ | |
| | क) वित्तिय समानीकरण अनुदान | ९७७४३०००।०० | | ३ | मौज्दात | | ६५३११८१८।१० |
| | ख) सशर्त अनुदान | १९७००६१२५।६० | | | क_ संचित कोष खाता | ५२७९९००४।४० | |
| | ग) समपूरक अनुदान | ४८०४४२९।०० | | | ख) विविध कोष खाता | २२१८६६४।७० | |
| | घ) विशेष अनुदान | २३००००० | | | ग_ धरौटी आय | १०२९४१४९।०० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४९३९४१८८।०० | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | १०७०५०००।०० | | | | | |
| | ख) सशर्त अनुदान | १०५८५६४२।३० | | | | | |
| | ग) समपुरक अनुदान | १०३७७८०४।०० | | | | | |
| | घ) विशेष अनुदान | ६०८५६४३।०० | | | | | |
| ५ | विभिन्न कोषतर्फको आय | | १०१८६३८१। | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २२ | | | | |
| | क_ विविध कोष खाता | ५३४२०२९।२२ | | | | | |
| | ग_धरौटी आय | ४८४४३५२।०० | | | | | |
| ६ | अन्तर सरकारी निकासा | | १४७३६७७३८।०० | | | | |
| | क) सामाजिक सुरक्षा | ११७५१२६४८।०० | | | | | |
| | ख)स्वास्थ्य पुर्वाधार | २४५०७४२४ | | | | | |
| | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यउक्रम | १५७०००० | | | | | |
| | घ)स्थानिय तह प्रशासकिय भवन | ३७७७६६६ | | | | | |
| | जम्मा | | ६९८०९७२१६।४० | | जम्मा | | ६९८०९७२१६।४० |

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नु पर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नु पर्छ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू ११,७५,१२,६४८।००,स्थानिय तह प्रशासकिय भवन पूर्वाधार बिकासमा रू ३७,७७,६६६।००, एकिकृत स्वास्थ्य पूर्वाधारमा रू २,४५,०७,४२४।००।०० / र स्वास्थ्य क्षेत्र सुधारमा रू १५,७०,०००।०० समेत गरी रू १४,७३,६७,७३८।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** – यस पालिकालेसुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु४,७८,३८,१४३।७४ यस वर्षको प्राप्ति रु६५,०२,५९,०७२।२६यस वर्षको भुक्तानी रु ६,३२७,८५,३९८।३र बैङ्क मौज्दात रु ६,५३,११,८१८।१०रहेको छ।सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरीम.ले.प.फा.नं.२७० लेपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) | ४,७८,३८,१४३।७४ | ५०,२८,९१,३३४।३ | ४८५४,,१७,६६०।३० | ६,५३,११,८१८।१० |
| एकीकृत आर्थिक विवरणअनुसार | ४,७८,३८,१४३।७४ | ६५,०२,५९,०७२।२६ | ६३,२७,८५,३९८।३ | ६,५३,११,८१८।१० |
| फरक | | १४,७३,६७,७३८।०० | १४,७३,६७,७३८।०० | |

२.४ **बैङ्क हिसाब विवरण**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ।पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ ।

| **सि. नं.** | **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|---|
| १. | आन्तरिक राजस्व खाता | ० | २४,५४,९२०।६४ | |
| २. | बाँडफाटबाट प्राप्त राजस्व खाता | ० | ० | |
| ३. | आन्तरिक अनुदान खाता | ० | ० | |
| ४ | पुजिगत खाता | | ९,४७,६९३।०० | |
| ५. | चालु खर्च खाता | ० | १,७८,०२,९५३।७० | |
| ६. | पुजिगत खर्च खाता | ० | ८७,२९,४५०।९० | |
| ७. | क संचित कोष खाता | ५,२७,९९,००४।४० | २,३५,५८,२९४।१६ | |
| ८. | ख) विविध कोष खाता | २२,१८,६६४।७० | १६,३२,०२५।७३ | |
| ९. | ग धरौटी आय | १,०२,९४,१४९।०० | १,०२,९४,१४९।०० | |
| | जम्मा | ६,५३,११,८१८।१० | ६,५४,१९,४८७।१३ | १०७६६९।०३ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्क बीच हिसाब मिलान गर्नुपर्दछ ।कार्यालयले हिसाव मिलान नगरेकोले म. ले. प. फा. न.२७० सुत्रको अनुसूची भिडान गर्दा श्रेस्ता भन्दा बैक बढी देखिन्छ।साथै प्रदेश सशर्तको रू १५,७८,०२२।० प्रदेश लेखा ईकाइ कार्यालय दोलखामा र संघिय सर्शतको र रू ३,१८,३०,८७४।७६ को ले नि कार्यालय दोलखामा समेत गरी जम्मा रू ३,३४,०८,९७२।४० मिति २०८१।३।३०मा दाखिला भएको देखिन्छ।अतः कार्यालयले हिसाब एकिन गरी पेश गर्नुपर्दछ ।

२.५ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको सुत्र २७० को लेखापरीक्षण प्रतिवेदन अनुसार रु ४,८५,९८,०८८।७४ मौज्दात रहेकोमा यो वर्ष रु ४,७८,३८,१४३।७४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ७,५९,९४५।०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा अध्यक्ष श्री विश्वास कार्किले मिति २०८१।०३। १० गते रु ५८ करोड १० लाख ९३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।२९ मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति

तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ **आवधिक योजना** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको पाइएन।आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ।स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १. | आर्थिक विकास | ५,६०,२२,५०० | ४,५६,२६,८२६ | १३.२३ |
| २. | पूर्वाधार विकास | ११,८६,९८,४९९ | १०,३५,१६,६२१।७० | १८.१५ |
| ३. | सामाजिक विकास | २५,८२,९१,५०० | २२,०४,६२,५१९।२० | ४८.९७ |
| ४. | बातावरण तथा विकास | ० | ० | ० |
| ५. | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३,१०,०९,२०० | २,८५,०१,३९७ | ६.८९ |
| ६. | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०,९२,९३,८०० | ७,८२,७०,१३४।४० | १२.७२ |

उपरोक्त विवरण अनुसार सभाले वातावरण तथा विकासमा वजेट विनियोजन गरेको देखिदैन । विनियोजन भएको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.९७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन ६.८९ प्रतिशत रहेको छ ।पालीकाले सबै क्षेत्रमा समानुपातिक रुपमा बजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

७ **खर्च बिश्लेषणः** -

पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु २४५५४२१ राजस्व बाँडफाँड र अनुदानबाट रु ७२८८२६६३१।- समेत रु चालु खर्चमा रू.३२४१९०३५१।- र पुँजिगत खर्च तर्फ १५२१८७१४६।– समेत जम्मा रू. -७३१२८२०५२.२०।- खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३३ प्रतिशत रहेको छ।यस बर्ष पदाधिकारी सबिधामा रु ६४ लाख १ हजार खर्च भएको छ जुन आन्तरिक आयको २६०.६८ प्रतिशत रहेको छ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **आन्तरिक नियन्त्रण प्रणाली** -

यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार नगरेको,

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा जिल्ला दररेटलाई स्विकृत गरेको
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नवनाएको,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु नगरेको,तसर्थ पालिकाले माथि उल्लेख भएका व्यहोराहरुमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९ **भरपाई पेश नभएको –**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियामावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागताज संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दींदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस कार्यालयले देहाय बमोजिमका सामान खदिर गरी भुक्तानी दिएकोमा ती सामान वितरणको भरपाई नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रू.

| गो. भौ. नं. मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १०४८।२०८१।३।२३ | बेटर गुडस सेल्स एण्ड सप्लायर्सबाट त्रिपाल खरिद | २४९६० | वितरण गरेको भरपाई नभएको |
| १०५०।२०८१।३।२३ | सानो संसार पा.ली. बाट शैक्षिक सामाग्रि खरिद | १७८६११ | वितरण गरेको भरपाई नभएको |
| १०७१।२०८१।३।२४ | गौरीशंकर हाडवेयर सेन्टर बाट विपद् व्यवस्थापनका समान खरिद | ४१४८८२ | वितरण गरेको भरपाई नभएको |
| जम्मा | | **६,१८,४५३।-** | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **४५,९१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१८,४५३ |

१० **स्थानीय भत्ता कट्टा नगरेको**

स्थानीय भत्ता पाउने पदाधिकारी एवं कर्मचारीलाई दैनिक भ्रमण भत्ता, अनुगमन भ्रमण खर्च उपलब्ध गराउँदा भ्रमण अवधिको स्थानीय भत्ता कट्टा गर्नुपर्ने व्यवस्था छ । तर यस कार्यालयले कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराउँदा भ्रमण अवधिको स्थानीय भत्ता कट्टा गरेको नदेखिएकोले दैनिक भ्रमण भत्ता, अनुगमन भ्रमण खर्च उपलब्ध गराउँदा भ्रमण अवधिको स्थानीय भत्ता कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ। नमुना परीक्षण गर्दा पालिकाको देहायको विवरणमा भ्रमण अवधिभरको स्थानीय भत्ता कट्टा गरेको देखिएन । यस सम्वन्धमा अरु यस्तै करोवारको पनि दोहोरो भूक्तानी भएको पालिकाले आँफैले एकिन गरी असुल गर्नुपर्ने देखिएको छ ।

| क्र.स. | नाम | भ्रमण अवधि | | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | सुरेश ओली | २०८०।५।२४ | २०८०।६।६ | १५९०० |
| २. | अमर सिंह धामी | २०८०।४।२४ | २०८०।४।२९ | ६३०० |
| ३. | कलावती चन्द | २०८०।४।२ | २०८०।४।७ | ७५०० |

११ **फोटोकपी विल–**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दिदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र

भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस पालिकाको देहयबमोजिमका व्यक्ति/फर्मलाइ प्रतिलिपी विलको आधारमा रु. ३,३७,६०२।- भुक्तानी दिएको छ सो प्रतिलिपी विलले कारोवार गरेको पुष्टि नहुने हुँदा सम्बन्धितबाट सो रकम बराबरको सक्कल बिल पेश गर्नुपर्ने रू.

| गो. भौ. नं. र मिति | विवरण | भुक्तानी रकम |
| --- | --- | --- |
| २३।२०८०।५।२४ | कार्की मल्टी ट्रेडिङ्ग कन्सर्न प्रा.ली. | १४७२४७ |
| २८१।२०८०।८।२५ | न्यु ओम साई सर्जिकल स्टोर (थेरापि मिसिन खरिद वापतसन्तो कुमार यादवलाई भुक्तानी) | ४८०३२ |
| जम्मा | | १,९५,२७९।- |

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **१४२,३२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
| --- | --- |
| प्रमाण पेश नगरेको | १,९५,२७९ |

१२ **भ्रमण अभिलेख –**

भ्रमण खर्च नियमावाली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नम्बर, नाम, दर्जा, भ्रमण खटिएको स्थान र मिति समेत उल्लेख गरी अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चमा रु. ५२,८९,९८२।- खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन। नियमावलीको व्यवस्थाअनुसार भ्रमण अभिलेख अद्यावधिंक गर्नुपर्दछ ।

१३ **विद्युत महशुलमा जरिवाना**

नेपाल विद्युत प्राधिकरणलाई समयमै विद्युत महशुल भुक्तानी गर्दा सो रकमको केहि प्रतिशत छुट प्राप्त हुन्छ।यस कार्यालयले नेपाल विद्युत प्राधिकरणलाई विद्युत महशुल सममै भुक्तानी नगर्दा जरिवाना वापत थप दस्तुर थप व्ययभार परेको छ। समयमा दाखिला गरी छुट समेत प्राप्त गर्नुपर्नेमा जरिवाना बुझाउनु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ।यसका केहि उदाहरण निम्नानुसार छन्। आगामी दिनमा जरिवाना तिर्ने पदाधिकारीलाई जिम्मेवार वनाई यस्तो खर्चमा नियन्त्रण गरी सरकारी रकमको उचित सदुपयोग गर्नुपर्दछ ।

| गो. भौ. नं.मिति | बिल रकम | जरिवाना प्रतिशत | जरिवाना रकम |
| --- | --- | --- | --- |
| ४४०।२०८०।११।२० | ४८१८.१३ | २५ | १२०४.५३ |
| | ५२६८.४९ | १० | ५२६.८५ |
| | १२४०९.९८ | २५ | ३१०२.४९ |
| | ३४५५.०४ | २५ | ८६३.७६ |
| | १५५२.७२ | २५ | ३८८.१८ |
| | ९७०२.४१ | ५ | ४८५.१२ |
| ५००।२०८०।१२।०७ | ४७९३.५३ | २५ | ११९८.३८ |
| ८४५।२०८१।०३।०९ | २००००.०० | २५ | ५०००.०० |
| ९६३।२०८१।०३।१८ | ५८१२.८२ | २५ | १४५३.२१ |
| १०५१।२०८१।०३।२३ | १७२०२.४८ | २५ | ४३००.६२ |
| जम्मा | | | १८,५२३.१४ |

१४ **तलबि प्रतिवेदन** –

स्थानीय सेवा तथा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ (५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारीत नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष तलबी प्रतिवेदन पारीत नगराई स्थायी कर्मचारीलाई रु. १,०७,१४,८६६।– भुक्तानी गरेको पाइयो। यसरी तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा भुक्तानीको तुलना गर्न नसकिने भएकाले उल्लेखित कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

१५ **अनुगमन तथा भ्रमण खर्च** -

भ्रमण अभिलेख खाता सम्बन्धमा भ्रमर्थ खर्च (चौथो संशोधन) नियमावली, २०७२ को अनुसूची ६ मा भ्रमणमा खटिने पदाधिकारी एवं कर्मचारीको भ्रमण अभिलेख खाताको सम्बन्धमा व्यवस्था गरेको पाइयो । तर यस कार्यालयले भ्रमण अभिलेख खाता राखेको देखिएन । पालिकले निम्नानुसार को शिर्षकमा भ्रमण भता वितरण गरेको छ ।

| सि.नं. | शिर्षक नं. | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | २२६१२ | भ्रमण भत्ता | २४,७०,८८२ |
| २ | २२६१९ | अन्य भ्रमण भत्ता | ८,६५,००० |
| ३ | २२६१२ | पदाधिकारी भ्रमण | ५,००,००० |
| ४ | २१६१२ | पदाधिकारी दैनिक भत्ता | १०००००० |
| ५ | २११४९ | पदाधिकारी अन्य भत्ता | ४५४१०० |
| ६ | २२६१२ | फिल्ड भत्ता | ७००००० |
| | | | ५२,८९,९८२ |

उक्त खर्च पालिकाका पदाधिकारी एवं कार्यालयका कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अभिलेख खातामा अभिलेख नै नगरी भुक्तानी गरेको पाइयो।भ्रमण आदेशमा भ्रमण आदेश नम्वर समेत उल्लेख गरेको छैन।सो बाहेक विभिन्न कार्यक्रमबाट, वडा कार्यालय सञ्चालन खर्च तथा विविध खर्च बाट पनि भ्रमण भत्ता लिएको देखिन्छ।यसले भ्रमण खर्चमा नियन्त्रण र नियमितता भएको छ भन्नेमा विश्वस्त हुन सकिएन ।तसर्थ पदाधिकारी एवं कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ताको रकम भुक्तानी गर्दा भ्रमण खर्च (चौथो संशोधन) नियमावली, २०७२ मा भएको प्रकृया पूरा गरेर मात्र भुक्तानी गर्नुपर्छ ।

१६ **आर्थिक सहायता**-

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाले रु २९,४५,००० आर्थिक सहायता ११५ जनालाई १० हजार देखि १५०००० सम्म प्रदान गरीएको पाइयो । आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक वृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ ।

१७ **सवारी साधन मर्मत तथा इन्धन-**

सवारी साधन मर्मत संभार शिर्षकमा यस आ.व मा रु३५ लाख वजेट विनियोजन भएकोमा रु ३५ लाख नै वजेट खर्च भएको देखिन्छ। इन्धन पदाधिकारी तथा कार्यालय प्रयोजनका लागि रु ३० लाख विनियवजन भएकोमा २८,९०,६२९ खर्च भएको देखिन्छ ।कतिपय सवारी साधनको मर्मत देखिने लगबुक तथा मर्मत आदेश बिना रकम भुक्तानि भएको देखिन्छ ।पालिकाले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली मार्फत यस्ता कुरालाई नियन्त्रणगरि वित्तिय सुशासन कायम गर्नुपर्छ । यस वाहेक विभिन्न योजनाहरूको कन्टेन्जेन्सीवाट तथा वडाको प्रशासनिक खर्चबाट पनि इन्धन तथा मर्मतमा खर्च गरेको देखिन्छ। नियमानुसार कन्टेन्जेन्सी खर्चलाई व्यवस्थित गर्न अद्यावधिक अभिलेख राखेको देखिदैन ।

१८ **जिन्सी व्यबस्थापन-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९५मा आफ्नो कार्यालयको रहेको तथा खरिद गरेको मालसामानको प्राप्त भएको सात दिन भित्र विवरण तथा मूल्य खुलाई सामानको प्रकृति अनुरुप म.ले. प जिन्सी खाता नं ४०२ देखि ४१२ नम्बरका जिन्सी खातामा आम्दानी बाध्नुपर्ने व्यबस्था रहेको छ ।सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ । पालीकाले सबै वडा र विषयगत शाखाहरुको एकिकृत जिन्सी खाता राखेको जनाएता पनि मातहतका ९ वटा वडा कार्यालय र विषयगत शाखाहरुमा रहेका सम्पति तथा जिन्सी मालबस्तुहरुको अभिलेख पालीकामा आशिंक मात्र रहेको पाइयो । वडा कार्यालयहरु आफैले खरिद गर्ने गरेका खर्च भएर जाने र नजाने सबै प्रकृतिका सम्पत्ती तथा सामानहरु पालिकामा रहेको जिन्सी खातामा आम्दानी बाध्ने गरेको पाइएन । एउटै सामानहरु समेत सोही वडाको लागी पालिकाले खरिद गरी पठाउने गरेकोमा बडा कार्यालयहरु समेतले विभिन्न कार्यक्रमको लागी स्वीकृत बजेट तथा कार्यक्रमबाट समेत पटक पटक आफैले खरिद गर्ने गरेको अवस्था समेत देखियो।वडा कार्यालय आफुले खरिद गरेका सम्पत्ती तथा मालसामानहरु जिन्सी निरीक्षण प्रतिवेदनमा समेत समावेश भएको देखिएन।त्यसैगरी विगत वर्षमा खरिद हस्तान्तरण भई आएका सम्पती र मालसामानहरु कार्यालयको जिन्सी खातामा अम्दानी वाधी नियन्त्रणको वातावरण बनाउनु पर्दछ ।

१९ **सवारी साधन मर्मत-**

सवारी साधन मर्मत संभार शिर्षकमा यस आ.व मा रु ३५ लाख वजेट विनियोजन भएकोमा रु ३५ लाख नै वजेट खर्च भएको देखिन्छ। इन्धन पदाधिकारी तथा कार्यालय प्रयोजनका लागि रु ३० लाख विनियवजन भएकोमा २८,९०,६२९ खर्च भएको देखिन्छ ।कतिपय सवारी साधनको मर्मत देखिने लगबुक तथा मर्मत आदेश बिना रकम भुक्तानि भएको देखिन्छ ।पालिकाले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली मार्फत यस्ता कुरालाई नियन्त्रणगरि वित्तिय सुशासन कायम गर्नुपर्छ । यस वाहेक विभिन्न योजनाहरूको कन्टेन्जेन्सीवाट तथा वडाको प्रशासनिक खर्चबाट पनि इन्धन तथा मर्मतमा खर्च गरेको देखिन्छ।नियमानुसार कन्टेन्जेन्सी खर्चलाई व्यवस्थित गर्न अद्यावधिक अभिलेख राखेको देखिदैन

२० **सडक हेरालु-**

पालिकाले आ. व. २०८०।८१ मा सडक हेरालुको लागी रु १२,००,००० विनियोजन गरेको देखिन्छ।पालिकाले विभिन्न वडामा हेरालु पदमा नियुक्त गरी वडागत रुपमा ९०,००० देखि वार्षिक १,२०,००० खर्च लेखेको देखिन्छ ।वडाले आफ्नो अधिकार क्षेत्र बाहीर गइ सडक हेरालु नियुक्त गरी ९,६०,००० भुक्तानी भएको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,६०,००० |

२१ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार

गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

२२ **त्रैमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

| क्र.सं. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमसिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १. | चालु खर्चतर्फ | ३२,४१,९०,३५१ | ७,९६,४४,०१४ | २,१९,१२,५८४ | ९,६२,७४,८४८ | ११,६३,५८,८९४ | ४,२८,२१,४६३ |
| २. | पूँजिगत खर्चतर्फ | १५,२१,८७,१४६ | ६३,१३,३०१ | ९९,९९,८६६ | ३,९६,६३,२८७ | ९,६२,१०,६९२ | ५,७९,५५,३०७ |
| | जम्मा | ४७,६३,७७,४९८ | ८,५९,५७,३१५ | ४,१९,१२,४५० | १३,५९,३८,१४५ | २१,२५,६९,५८६ | १०,०७,७६,७७१ |
| | प्रतिशत | ८३।०९ | १४।९९ | ७।३१ | २३।७१ | ३७।०७ | १७।५७ |

माथिको तालिका अनुसार प्रथम त्रैमासिकमा १४.९९ प्रतिशत दोश्रो त्रैमासिकमा ७.३१ प्रतिशत तेश्रो त्रैमासिकमा २३.७१ प्रतिशत र चौथो त्रैमासिकमा ३७.०७ प्रतिशत र आषाढ महिनामा मात्र १७.५७ प्रतिशत खर्च भएको छ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२३ **शिर्षकगत विनियोजन तथा खर्च**

पालिकाले आ.ब.२०८०।८१ मा निम्नानुसार शिर्षकमा बजेट विनियोजन गरि खर्च लेखेको विवरण पेश गरेको छ ।अधिकांश शिर्षकमा विनियोजित रकम १०० प्रतिशत खर्च हुन सकेको देखिदैन । पालिकाले विनियोजित रकम खर्च गर्ने क्षमतामा वृद्धि गरि लिएको लक्ष्य प्राप्तिमा ध्यान दिन आवश्यक देखिएको छ ।

| सि.नं. | शीर्षक | विनियोजित रकम | खर्च भएको रकम |
|---|---|---|---|
| १. | संघीय समानिकरण | १०,५१,००,००० | ९,७७,४३,००० |
| २. | सघीय सरकार सशर्त अनुदान | २२,५६,११,००० | १९,७०,०६,१२५।६० |
| ३. | सघीय सरकार विशेष अनुदान | ८०,००,००० | २३,००,००० |
| ४. | सघीय समपुरक अनुदान | १,००,००,००० | ४८,०४,४२९ |
| ५. | प्रदेश समानिकरण | १,०७,०५,००० | १,०७,०५,००० |
| ६. | प्रेदश सशर्त अनुदान | २,३६,८६,००० | २,२२,२५,७४१ |
| ७. | प्रदेश विशेष अनुदान | १,००,००,००० | ६०,८५,६४३ |
| ८. | प्रदेश समपुरक | २,००,००,००० | १,०३,७७,८०४ |
| ९. | सघीय राजश्व बाडफाड | १०,०३,०२,००० | ६,८९,७१,२४८।९६ |
| १०. | प्रदेश राजश्व बाडफाड | २,६८,११,४९९ | २,६०,३९,२३८ |
| ११. | आन्तरिक स्रोत (गत वर्षको मौजदात सहित) | ४,०७,७८,२२० | ३,०१,१९,२६८।७४ |
| १२. | सामाजिक सुरक्षा तथा सँरक्षण | ११,८५,५६,०६० | ११,७५,१२,६४८ |
| १३. | विविध खर्च खाता | ५०,००,००० | ४२,५७,०४६ |
| १४. | प्रकोप ब्यवस्थापन कोष | ५०,००,००० | ३६,७२,६९५ |
| १५. | विभिन्न विशेष कोष | | |
| १६. | धरौटी कोष | १,२१,२३,९९४ | १८,२९,८४५ |

## २४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

## २५ **सेवाप्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ३९२ | ३९२ |
| मृत्युदर्ता | २२३ | २२३ |
| बसाईसराई दर्ता | ५० | ५० |
| विवाह दर्ता | १६२ | १६२ |
| सम्बन्धविच्छेद दर्ता | २५ | २५ |
| पूर्वाधार विकास सडक निर्माण | | ० |
| कालोपत्रे सडक निर्माण | | ० |
| कालोपत्रे सडक मर्मत | | ० |
| ग्राभेल सडक निर्माण | | ० |
| ग्राभेल सडक मर्मत | | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।यस सम्वन्धमा पालिकाले सुधार गर्नुपर्दछ ।

२६ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ ।त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।यस्तो प्रकारको खर्चको अभिलेख राखि जनतालाई उक्त संस्थालाई दिएको अनुदानबाट जनताले निशुल्क वा न्यून शुल्कमा सेवा उपलव्ध गराउने व्यवस्था सुनिश्चित हुनुपर्दछ ।

२७ **सिमिगाउँ प्रा.वि-**

सिमिगाउँ प्रा.विमा मर्मत कार्य गर्नका लागि उपभोक्ता समिति मार्फत कार्य भएको देखिन्छ । लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन बमोजिम ५७ क्यू फिट वा १.६१ घन मिटरमा १ लिटर प्राइमर का दरले १४.४९ उड प्राइमर का दरले ९ लिटर लाग्नुपर्नेमा विल अनुसार १५ लिटर देखिएको ले बढी लिटरको ६ लिटरको ३३९० गएको देखिन्छ । त्यसै गरी अस्तरमापनि ५७ क्यू फीटका दरले ५ लिटर मात्र लाग्ने नर्म्स भएतापनि १८ लिटरको भुक्तानी गएकोमा प्रति लिटर ६०० का दरले १३ लिटर वापतको ७८०० बढी भुक्तानी देखिन्छ ।यसरी कार्यसम्पन्नमा प्रयोग भएका सामानहरुको भन्दा बढीको भुक्तानी सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,१९० |

२८ **उर्गेन गुम्बा मर्मत-**

भौचर नं ६९६ मिति २०८१।२।१६ बाट उर्गेन टासि झोदिङ्ग गुम्बा तथा फर्निचर निर्माण कार्यको लागि जम्मा रु २७७४५५ मा लागत अनुमान बनाई सम्झौता गरेको देखिन्छ। रु २७८५८१ सम्पन्न भएकोमा पालिकाको रु २५०००० भुक्तानी गएको पाइयो।विल अनुसार

रु ५०१३ को ५*५ लिटर इनामेल र **wood primer** खरिद गरेको भएपनि कार्यसम्पन्नमा १६ लिटर प्राइमरको दर लिई भुक्तानी भएको र सोही बमोजिम भुक्तानी भएकोले । बढी ११ लिटर प्राइमरको ४०० का दरले भ्याट सहित ४५२ का दरले ४९५२ सम्बन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९७२ |

## २९ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ।तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु अनुदान खर्च लेखेको छ।तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ .कृषि तर्फ भएका केहि अनुदान वितरणका कार्यक्रमको विवरण निम्नानुसार रहेका छन् ।

| **क्र.स.** | **कार्यक्रमकोनाम** | **फर्म/समुह/सहकारीकोनाम** | **अनुदान रकम** |
|---|---|---|---|
| १. | रैथाने बाली प्रवर्द्धनकार्यक्रम | समृद्धि कृषि स स लि | १००००० |
| २. | | ह्याङ्ला कृषक समुह | १००००० |
| ३. | मकै बाली प्रवर्द्धनकार्यक्रम | हिमचुली बहुउध्येश्यीयस स लि | १९१००० |
| ४. | | लालिगुरास मौरीपालककृषक समुह | १९१००० |
| ५. | | सर्सिनडाँडा सल्लाघारीकृषि सहकारी | १९१००० |
| ६. | मौरी पकेट विकास कार्यक्रमनिरन्तरता | सर्सेपुसाना किसान कृषि सहकारी सं लि | १७५००० |
| ७. | | खुसेपुदेवी कृषि तथा पशु पालन समुह | १७५००० |
| ८. | | हिमचुलीकृषि तथा पशुपालन कृषक समुह | १७५००० |
| ९. | कृषि जैविक विविधतासंरक्षण कार्यक्रम | हिमचुली बहुउध्येश्यीयस स लि | १००००० |
| १०. | सिताके च्याउ उत्पादनकार्यक्रम | श्री नमुना सोथली कृषकसमुह | १८००००० |
| ११. | फलफुल प्रवर्द्धन कार्यक्रम | श्री मान कुमारी कृषिफर्म | १००००० |
| १२. | | श्री शिवलिङ्गेश्वरकृषि तथा पशु फर्म | १००००० |
| १३. | | श्री चडेश्वरी कृषितथा पशुपंक्षी फर्म | १००००० |
| १४. | फलफुल सुन्तला कागती प्रर्वद्धनकार्यक्रम | श्री एन.डिशेर्पा कृषि तथा पशुपंक्षी फर्म | १०००००० |

## ३० जिल्ला दर रेट भन्दा वढि भूक्तानी

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **११,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ३१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगार संख्या २५७० लाई सूचिकृत गरकोमा जम्मा ९९ जना अर्थात सूचिकृत वेरोगारको ३.८५ प्रतिशतले मात्र रोजगार पाएका छन्। कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ९९ जनालाई रोजगारी उपलव्ध गराई रु ६९१६५९२।- खर्च गरेको छ । लक्षित वर्गलाई २७ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराएको छ ।

### ३२ यन्त्रिकरण कार्यक्रम

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम गो.भौ.नं.५० मिति २०८१।०३।२१ । पशुपालन उन्नतजात कार्यक्रम अन्तरगत डेरी उद्योग सञ्चालनको लागि आवश्यक यन्त्रहरु खरिद गर्नको लागि ५० प्रतिशत अनुदानमा जीवनको सहारा कृषि सहकारी संस्था लि.सँग मिति २०८०।१२।१५ सम्झौता भई २०८१।०३।१६ मा कार्यसम्पन्न भई रू.१० लाख भूक्तानी भएको देखिन्छ । कोटेशन मार्फत सबैभन्दा कम रकम कवोल गर्ने गोलोवल ट्रेडिङ्ग कम्पेलेक्स सँग खुवा वनाउने मेशिन,चिलिङ्ग भ्याट,पानी टैंकि लगायतका ८ वटा यन्त्र तथा उपकरणहरु रू.१९९९०००।– मा खरिद भएको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९५ मा आफ्नो कार्यालयको रहेको तथा खरिद गरेको मालसामानको प्राप्त भएको सात दिन भित्र विवरण तथा मूल्य खुलाई सामानको प्रकृति अनुरुप म.ले. प जिन्सी खाता नं ४०२ देखि ४१२ नम्बरका जिन्सी खातामा आम्दानी बाध्नुपर्ने व्यबस्था रहेको छ ।सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षण, सम्पत्तीको निरीक्षण लगायत बिभिन्न व्यवस्थाहरु गरेको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १३ मा स्थानिय तहको सम्पत्ती संरक्षण सम्वन्धी व्यवस्था गरेको छ ।यसरी पालिकाले ५० प्रतिशत अनुदान दिएर खरिद गरेका सामानहरु उक्त सहकारी संस्थाले आफ्नो खर्च भएर नजाने जिन्सी खातामा दाखिला गरेको देखिदैन । ठूलो रकमको उक्त सामानहरु दाखिला नहुँदा हराउने,चोरी हुने तथा सहकारी संस्थाको सम्पत्तिमा उल्लेख नहुने जोखिम रहन्छ ।उक्त यन्त्र तथा उपकरणहरु जिन्सी खातामा दाखिला भएको तथा जडान भई जुन् प्रयोजनको लागि खरिद भएको हो सोहि प्रयोजनमा प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,००,००० |

### ३३ नविकरणीय उर्जा जडान

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियामावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागताज संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दींदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।साथै जुन् उद्देश्यको लागि सामानहरु खरिद भएको हो सोहि उद्देश्यमा प्रयोग भएको समेत हुनुपर्दछ । पालिकाले संघीय सशर्त कार्यक्रम अन्तरगत नवीकरणी उर्जा प्रविधि जडान शिर्षकबाट गाउँपालिकालाई आवश्यक पर्ने सोलार पावर सम्वन्धी विभिन्न सामग्रि सनस्टार मल्टिपर्पोज एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. सँग रू.७८८१५१।- सोझै खरिद गरी भूक्तानी गरेको छ ।साथै

खरिद भएका सामाग्रिहरुको जडान वापत रू.२१०००।–भुक्तानी भएको देखिन्छ । तर पालिकासँग यस विषयमा सोधनी गर्दा सोलार सामाग्रिहरु खरिद मात्र गरेको र लेखापरीक्षण अवधिसम्ममा समेत जडान नभएको जानकारी प्राप्त भएको छ । संघीय सशर्त अन्तरगतको उक्त वजेट फ्रिज हुन नदिने उद्देश्यले सामाग्रि खरिद गरी स्टोरमा मौज्दात राख्दा टुटफुट हुने,विग्रने लगायतका समस्या देखापर्ने हुनसक्छ।सामान खरिद गरी मौज्दातमा राख्ने तथा जडान भएको रकम समेत भूक्तानी दिने पदाधिकारिलाई जिम्मेवार वनाई जडान भएको प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.सं | गोश्वारा भौचर नं. र मिति | भूक्तानी रकम |
|---|---|---|
| १. | ६९ २०८१।०३।२२ | ५००००० |
| २. | २२ २०८१।०३।२२ | २८८१५१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८८,१५१ |

३४ **अधिल्लो बर्षको मिटर बक्सको भुक्तानी** -

पालिकाले वडा नं ७ को कार्यक्रम अन्तर्गत १५ एम्पियर का २५ बटा तथा ५ **A** का ३ वटा इनर्जी मिटर बक्सको भुक्तानी दिएको दिएको भर्पाई पेश गरेको छ। अधिल्लो बर्षको विलको रकम १९ जना ग्राहकको घरायसी प्रयोजनको मिटर बक्स जडानको भुक्तानी गरेको छ। भने वडा नं १ का तिनै व्यक्तीको आर्थिक अवस्था कमजोर रहेको भनि जनही १०००० पनि प्रदान गरेको देखिन्छ।यसरी विना मापदण्ड तथा सेवाप्रवाही छनौट का निश्चित आधार विना गरिएका वितरणले लाई नियमित मान्न नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

३५ **वडा शिक्षा समिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र तोकेको छ ।गो भौ.नं ९०० बाट मासिक रु १५००० दिने गरी भौचर नं ९००।३।१३ बाट बडा शिक्षा समिति गठन गरी भुमेगुम्वब मा. वि कविता गुरुङ्गलाई रु मासिक रु १५००० भुक्तानी गरेको छ।वडा शिक्षा समितको गठन प्रक्रिया सहित शिक्षक नियुक्त अधिकार भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८०,००० |

३६ **गोठ सुधार कार्यक्रम-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भूक्तानी दिन आवश्यक विल भरपाई र कागजपत्र संलग्न भए वा नभएको तथा भूक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गोठ सुधार कार्यक्रम अन्रतर्गत वडा नं १ मा जम्मा लागत अनुमान रु ८०००० गरी ५० प्रतिशत पालिकाले व्यहोर्न गरी मिति २०८०।९।२४ मा सम्झौता भएको देखिन्छ।उपभोक्ता समितिबाट भएको कार्यमा १० बटा कार्यक्रममा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रू

| भौचर नं.मिति | सेवा प्राप्त गर्ने | दर बढी भुक्तानी आइटम | भुक्तानी रकम | प्राविधिक अनुसार हुनुपर्ने | बढी रकम |
|---|---|---|---|---|---|
| ७४३।०२।२८ | कृष्ण बहादुर खड्का | जस्ता पाताप्रति वन्डल वा ७२ वर्ग मिटरको ६७८० | जस्ताको भुक्तानी रकम ८८०० | १९ वर्ग मिटरको १८०० | ७००० |
| ७४३।०२।२८ | विष्णुमाया बस्नेत | जस्ता पाताप्रति वन्डल वा ७२ वर्ग मिटरको ६७८० | जस्ताको भुक्तानी रकम ८८०० | १९ वर्ग मिटरको १८०० | ७००० |
| | | | | | १४००० |

.

| असुल गर्नुपर्ने | १४,००० |
|---|---|

३७ **अन्य निकाय खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भूक्तानी दिन आवश्यक विल भरपाई र कागजपत्र संलग्न भए वा नभएको तथा भूक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष बजेट मार्फत नै कार्यक्रम खर्च शिर्षक नं.२२५२२ (जुन् शिर्षक नं. मा कार्यक्रम जस्तै कृषि, स्वास्थ्य, शिक्षा, महिला, पर्यटन लगायतका विभिन्न क्षेत्रमा संचालन हुने उत्पादन तथा सेवा प्रवाह सम्बन्धी कार्यक्रमको लागि भएको खर्च लेखिन्छ ।) मा नेपाल प्रहरी तथा अन्य संघीय सरकारका निकायहरुमा संघीय सरकार कै बजेट विनियोजन र खर्च हुने व्यवस्था रहेकोमा स्थानीय सरकारले संघीय सरकार अन्तरगतका कार्यालयको लागि रकम विनियोजन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।यसरी खर्च रकम अनियमित भएको रू.

| **भौचर नं/मिति** | **निकायको नाम** | **रकम** | **कार्यविवरण** |
|---|---|---|---|
| ६७७।२०८०।२।१ | जिल्ला अदालत | १७८५० | पेट्रोलको खर्च |
| १०२६।२०८०।३।२३ | प्रहरी कार्यालय | ३०१९० | पेट्रोलको खर्च रकम |
| जम्मा रकम | | ४८०४० | |

| अनियमित भएको | ४८,०४० |
|---|---|

३८ **मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन।यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

३९ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर संकलन गरेको छैन। पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन ।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४० **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ

अनुमानित रू. ३० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु २४ लाख ५५ हजार अर्थात अनुमानको तुलनामा ८१.८४ प्रतिशत मात्र प्राप्त भएको छ अर्थात् अनुमान भन्दा १८.१६ प्रतिशत घटी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४१ **एम्बुलेन्सको आम्दानी तथा बैंक दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ को उपदफा (१) र (२) मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैँक दाखिला गर्नुपर्ने व्यवस्था छ।त्यस्तै दफा २८ मा १० दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गराउने र सोभन्दा बढी ढिला गरेको भए १० प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६९ मा स्थानीय तहले आफूले उठाएको राजश्व तथा आयबाट प्राप्त रकम स्थानीय संचित कोषमा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको स्वामित्वमा तीन एम्बुलेन्स संचालनमा रहेको छ । एम्बुलेन्सको आय तथा व्ययको विवरण निम्नानुसार रहेको छ ।सवारी चालकले संकलीत राजश्व समयमा नै बैंकमा दाखिला गरेको देखिदैन । उदाहरणको रुपमा २०८१ असारमा संकलीत राजश्व मंसिर महिनामा बैंकमा दाखिला भएको देखिन्छ ।साथै रसिद नियन्त्रण खाता पालिकाले राखेको छैन भने आन्तरिक राजश्वको जिम्मा कुनै पदाधिकारीलाई समेत तोकेको देखिदैन । आन्तरिक राजश्व हेर्ने पदाधिकारीको अभावमा आन्तरिक राजश्व कम संकलन हुने तथा राजश्व संकलीत राजश्व समय मै बैंक दाखिलन नहुने जस्ता जोखिम रहने हुनाले कार्यालयले यस सम्वन्धमा सुधार गर्दै एम्वुलेन्सबाट प्राप्त भएको राजश्वको प्रभावकारी व्यवस्थापन तथा समय मै बैंक दाखिला गर्ने प्रणालीको विकास हुनुपर्दछ ।साथै तीन वटा एम्वुलेन्स सञ्चादलनको लागि रू.२५३५०००।– खर्च भएकोमा रू.५१०६१५।– मात्र आम्दानी भएर रू.२०२४३८५।– वढि खर्च भएको देखिन्छ । एम्वुलेन्स सञ्चालन कार्यविधि तयार गरी एम्वुलेन्स सञ्चालन प्रभावकारी रुपमा गर्नुपर्ने देखिएको छ ।

| क्र.सं. | एम्वुलेन्स नं. | चालकको नाम | आम्दानी | खर्च(तलव,ईन्धन र मर्मत) | आम्दानी भन्दा वढि खर्च |
|---|---|---|---|---|---|
| १. | बागमती प्रदेश नं. ३ ००२ झ ६५७३ | देउकुमार खड्का | ३०२३७५ | ८४५००० | ५४२६२५ |
| २. | बा २ झ ४५२६ | अमृत खड्का | ८७२३५ | ८४५००० | ७५७७६५ |
| ३. | प्र.नं.३.००१ ००२ झ ५०१३ | चक्र तामाङ्ग | १२१००५ | ८४५००० | ७२३९९५ |
| जम्मा | | | ५१०६१५ | २५३५००० | २०२४३८५ |

४२ **संकलित राजस्व र बैंक दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ को उपदफा (१) र (२) मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैँक दाखिला गर्नुपर्ने व्यवस्था छ।त्यस्तै दफा २८ मा १० दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गराउने र सोभन्दा बढी ढिला गरेको भए १० प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुबाट यो वर्ष रु २४,५५,४२१.०४ राजस्व संकलन भएको देखिन्छ।वडा कार्यालयहरुबाट संकलन हुने भूमि तथा मालपोत दस्तुर, सिफारिश दस्तुर, सम्पत्ति कर, बहाल कर लगायतका राजस्व उल्लिखित कानुनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको देखिएन।वडा कार्यालयहरुले त्यस्तो राजस्व रकम ४ महिना सम्म ढिला गरी दाखिला गरेको देखिन्छ ।तोकिएको समयमा बैंक दाखिला नगर्ने पदाधिकारीलाई जिम्मेवार वनाई १० प्रतिशत जरिबाना असुल गर्न तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

४३ **वडा सचिवको पदपुर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।जसमा ९ वटा सचिवको दरबन्दी रहेकोमा २ जना मात्र पदपूर्ति भई ७ जना रिक्त रहेको देखिन्छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ९ | ९ | २ | ७ |

४४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०,१८,५३,५५४.६० | २४,५५,४२१.०४ | ०.८१३ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८१३ प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४५ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ।ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति लिएको देखिएन। साथै पालिकाले समेत फोहरमैला व्यवस्थापन सम्बन्धमा कुनै उल्लेख्य प्रबन्ध गरेको देखिएन ।यस सम्वन्धमा पालिकाले सुधार गर्नुपर्दछ।

४६ **बिल भरपाई भन्दा बढि भुक्तानी-**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियामावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागताज संलग्न हुनुपर्ने तथा खर्चको भुक्तानी दींदा संलग्न कागजातहरु रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।यस कार्यालयले गो.भौ. न. ४५६ मिति २०८०।११।२४ मा सहिद परिवार सम्मान कार्यक्रम वापत रु. ५,००,०००।- खर्च गरेको देखियो । यस सम्बन्धामा रु.३६,०००।-को बिल भरपाई र सहिद परिवारले रकम बुझेको भन्ने प्रमाण पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तानी लिने व्यक्ति गणेश बहादुर श्रेष्ठ बाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,००० |

४७ **म.ले.प. फाराम प्रयोग नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ।पालिकाले यो बर्ष रू. २४,५५,४२१.०४ आम्दानी गरेकोमा निम्न बमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा

राख्नु पर्ने देखिन्छ ।पालिकाले निम्नानुसारका फारामहरुको अनिवार्य प्रयोग गर्ने व्यवस्था गर्नुपर्दछ ।

— नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१

— दैनिक राजश्व ÷ आम्दानी खाता म.ले.प फाराम नं. १०२

— राजश्व ÷ आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४

— राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५

— राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६

— राजश्व आम्दानीको दैनिक बैँक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७

— राजश्व आम्दानीको बैँक नगदी किताब म.ले.प. फा.नं. १०८

४८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तरसरकारी अख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भएको छ भने पालिका तर्फको आन्तरिक लेखापरीक्षण भएको छैन।कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण कानून वमोजिम गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

४९ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार बागमती प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु ६४ लाख १ हजार सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं. | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ९ जना | कार्यपालिका सदस्य ६ | सभाका सदस्य ३२ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | बैठक भत्ता | १४,००० | छैन | ३,४२,००० | ८४,००० | ७,६५,००० | १२,०५,००० |
| २. | यातायात खर्च | - | , | २,७०,००० | १,८०,००० | ७६८००० | १२,१८,००० |
| ३. | टेलिफोन,मोबाइल | ३६,००० | , | २,१६,००० | १,०८,००० | ३८४००० | ७,४४,००० |
| ४. | पुस्तक,पत्रीका, ईन्टरनेट | २४,००० | , | १,०८,००० | ७२,००० | ३८४००० | ५,८८,००० |
| ५. | समन्वय तथा सहजीकरण | १,२०,००० | , | ७,५६,००० | १,४४,००० | - | १०,२०,००० |
| ६. | अतिथि सत्कार | १,०८,००० | , | ४,३२,००० | १,४४,००० | ५७६००० | १२,६०,००० |
| ७. | खानेपानी/बिजुली/ सरसफाई | ३०,००० | , | १,०८,००० | ३६,००० | १९२००० | ३,६६,००० |
| ८. | चाडपर्व खर्च | - | , | - | - | - | |
| | जम्मा | ३,३२,००० | , | २२,३२,००० | ७६,८,००० | ३०६९००० | ६४,०१,००० |

५० **नि:शुल्क पाठ्यपुस्तक**

कार्यालयले नि:शुल्क पाठ्यपुस्तक खरिदको लागि विभिन्न ४८ वटा विद्यालयलाई दुई वटा किस्तामा रू. १७८७३८९।- अनुदान निकासा गरिएको छ।सार्वजनिक विद्यालयमा प्रदान गरिने नि:शुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध

गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले निरन्तर अनुगमन गर्नुपर्दछ ।

## ५१ पढ्दै कमाउदै कार्यक्रम

गो.भौ.नं. १०६ मिति २०८०।१०।२४ शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको आ.व.२०८०।८१ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको बँदा नं.९.१ मा पढ्दै कमाउदै कार्यक्रम कार्यान्वियनको लागि एक विद्यालयलाई रू.५ लाख प्रोत्साहन अनुदान दिन सक्ने व्यवस्था रहेको छ ।यस पालिका अन्तरगत मानेडाँडा मा.वि.गौरीशंकर गाउँपालिका ४ लाई उक्त ५ लाख निकासा भएको छ । पढ्दै कमाउदै कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ को बुँदा नं.८ मा (१) मा कार्यक्रम सञ्चालनका लागि छनौट भएका विद्यालयमा कार्यक्रम सञ्चालन गर्न शुरुमा ५० प्रतिशत रकम स्थानीय तहमा सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण गरिने कुरा उल्लेख छ । बाँकि रकम विद्यालयको कार्यप्रगतिको आधारमा उपलव्ध गराउने कुरा उल्लेख छ । तर पालिकाले सबै रकम एकमुष्ट विद्यालयको खातामा निकासा गरेको देखिन्छ ।साथै विद्यालयले उक्त रकम निकासा पश्चात बाख्राका पाठा,माहु बाख्रा,टनेल निर्माण,कुखुराका चल्ला लगायतका सामानहरु खरिद गरेको विल पालिकामा पेश भएको देखिन्छ ।त्यसै कार्यविधिको परिच्छेद- ५ को बुँदा २८ मा छनौट भई अनुदान प्राप्त गरेको विद्यालयले सम्बन्धित स्थानीय तहमा कार्यसम्पनन्न प्रतिवेदन तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।साथै बुँदा न्. २९ मा विद्यालयबाट सम्पन्न भएको कार्यक्रमको सम्बन्धित विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ।तर लेखापरीक्षणको अवधिसम्ममा समेत उक्त विद्यालयले कार्यसम्पन्न प्रतिवेदन तथा उक्त कार्यको सामाजिक परीक्षण प्रतिवेदन स्थानीय तहमा पेश भएको पाईएन।विद्यालयले कार्यविधिमा व्यवस्था भए बमोजिमको कार्यसम्पन्न प्रतिवेदन तथा सामाजिक परीक्षण प्रतिवेदन पेशगर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

## ५२ दिवा खाजा रकम

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ.व.२०८०।८१) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले विभिन्न गोश्वारा भौचरबाट दिवा खाजाका लागि ४८ विद्यालयलाई रु ४७०६१००।- निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषण तत्वका सम्बन्धमा पालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।

## ५३ विद्यायलको शिक्षकको विवरण

कार्यालयले यस अन्तरगत रहेका ४८ वटा विद्यालयमा पठनपाठन गराउने तह अनुसारका शिक्षकको विवरण अद्यावधिक गरेर राख्नुपर्दछ।नियुक्ति भएका,सरुवा भएका,वढुवा भएका,राजिनामा दिएका तथा निवृत्त भएका शिक्षक तथा विद्यालय कर्मचारीको अद्यावधिक विवरण पालिकाले नराख्दा यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।अतः विद्यालयगत शिक्षक तथा कर्मचारीको विवरण अद्यावधिक राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनुपर्दछ ।

## ५४ विद्यायलगत निकासा खाता

कार्यालयले विद्यालयलाई दिएको त्रैमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनुपर्दछ। कार्यालयले विद्यालयलाई दिएको निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको देखिएन।यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनुपर्दछ ।

## ५५ शिक्षक दरवन्दी

शिक्षक दरवन्दी – शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं.३ क बमोजिम शिक्षा नियमावली, २०५९ अनुसार कायम भएको शिक्षक विद्यार्थी अनुपात र नियमावलीको अनुसुची-१२ बमोजिम विद्यालयमा रहनुपर्ने दरबन्दी तथा शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहमा शिक्षकको मौजुदा अवस्था र आवश्यकताको पहिचान गरी शिक्षक दरबन्दी मिलान गर्ने र कार्यविधीको बुदाँ नं. 12 अनुसार मन्त्रालय तथा प्रदेशले गरेको दरबन्दी मिलानमा स्थानीय तहले सहजिकरण गर्ने उल्लेख छ। गाउँपालिकाले आफु मातहत रहेका मौजुदा विद्यालयहरुमा आवश्यक दरबन्दी पुनरावलोकन सम्बन्धमा कुनै पहल गरेको छैन।पालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा तोकिएको मापदण्ड अनुरुप शिक्षक पदपुर्ति गराई नियमित पठन पाठन गराउन तिर पालिकाले ध्यान दिनुपर्दछ ।

## ५६ **शैक्षिक प्रतिवेदन**

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकाले गाउँ/नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ।उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ।पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।

## ५७ **नमुना विद्यालय शिक्षण अनुदान**

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको आ..२०८०।८१ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१३ को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको बँदा नं.९.८ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान सम्वन्धमा व्यवस्था गरिएको छ । उक्त बुँदामा तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु,छात्रावास व्यवस्थापन,शैक्षिक सुशासनका न्यूनतम् सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित वजेटको कार्य प्रगतिसहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयमा पेश गर्न लगाउनुपर्ने व्यवस्था रहेको छ।यस पालिकाको नमुना विद्यालय हलेश्वर माद्यामिक विद्यालयको लागि यस अनुदान अन्तरगत निम्नानुसारको रकम रू.२६४२५३२।- निकासा भएको छ।उक्त पुस्तिकामा उल्लेख भएअनुसार बजेट सहितको प्रस्ताव नमुना विद्यालयले पेश गरेको छैन ।मिति २०८१।०२।२७ मा शिक्षा शाखाबाट उठाईएको टिप्पणी र आदेशमा उक्त विद्यालयको लागि विद्यालयको सिलिङ्ग तथा कक्षाकोठा मर्मतको लागि रू.६५५०००।-,कम्प्युटर ल्याव मर्मत तथा विज्ञान सामाग्रिको लागि रू.२०००००।-,शैक्षिक सामाग्रि तथा किड्स खरिदको लागि रू.४०००००।-,शिक्षक तालिम तथा अभिभावक शिक्षाको लागि रू.१४५०००।– गरी जम्मा रू.१४०००००।– निकासा गर्ने व्यहोराको टिप्पणी प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत भएको छ।तर विद्यालयले स्विकृत भएको काम अनुसारको कार्यसम्पादन नगरी होस्टेल खर्चको लागि रू५५९८७९।-,आ.ई.टि.ल्यावको लागि रू.१०६१६८३।-,शैक्षिक सामाग्रिको लागि रू.९८५२०।-,खेलकुदको लागि रू.१०२५४०।-,विद्यालय कर्मचारी तलवको लागि रू.३२५०००।– खर्च गरी सोहि अनुसारको बिल भरपाई पालिकामा पेश भएको छ ।साथै सोहि विद्यालयमा कार्यरत कर्मचारी सहायकलाई निजले पाउने तलव भत्ताको अतिरिक्त विद्यालय कर्मचारी तलवको रुपमा वार्षिक रू.१३००००।-का साथै होस्टेल वार्डेनका रूपमा नियुक्त गरी थप रू.६००००।– भूक्तानी समेत दिएको दखिन्छ।यसरी स्विकृत टिप्पणी आदेश भन्दा फरक कार्यमा खर्च भएको रकम नियमसंगत नभएको रू.

| क्र.सं. | गो.भौ.नं. र मिति | रकम |
|---|---|---|
| १. | २२६ २०८१।०२।३० | १४०००००।- |
| २. | २७३ २०८१।०३।२४ | १२४२५३२।- |

| | |
|---|---|
| अनियमित भएको | २६,४२,५३२ |

५८ **विज्ञान प्रयोगशाला तथा ICT स्थापना अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३. को उपक्रियाकलाप नं.९.५ को विद्यालयमा पुस्तकालय स्थापना अनुदानका लागि छनौट भएका विद्यालयलाई प्रति विद्यालय पालिकाले एकमुष्ट रु.६ लाख ५० हजार उपलब्ध गराउने उक्त अनुदानबाट लाइब्रेरीका लागि आवश्यक फर्निचरहरू बसाइ व्यवस्थाका लागि कुर्सी टेबुल लगायतका सामग्रीहरू व्यवस्था गर्न कुल बजेटको २५% सम्म बजेट विद्यालयले खर्च गर्न सक्ने र अन्य रकम पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्नसक्ने व्यवस्था छ।पालिकाले निम्नानुसारका विद्यालयलाई उक्त रकम उपलव्ध गराएकोमा कतिपय विद्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा भन्दा फरक चालु प्रकृतिका सामाग्रि खरिदमा उक्त रकम खर्च गरेको पाईयो ।साथै खरिद भएका सामाग्रिहरु जिन्सी खातामा नचढाएको तथा जिन्सी खातामा चढाए पनि कतिपयमा जिन्सी खाता पाना नं. उल्लेख नभएको जस्ता व्यहोरा देखिएका छन्।पालिकाले यस सम्वन्धमा निरन्तर अनुगमन गर्नुपर्ने आवश्यक देखिएको छ।खरिद भएका सामानहरुको जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | अनुदानको कार्यक्रम | अनुदान रकम |
|---|---|---|---|
| १ | गोपाङ्ग आ.वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| २ | नवज्योति आ.बी. | विज्ञान प्रयोगशाला | ६५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

५९ **स्थानीय भत्ता बढि निकासा**

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको आ..२०८०।८१ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ को २.२ मा शिक्षकको तलव भत्ता तथा सेवा सम्वन्धी विवरण उल्लेख भएको छ।उक्त विवरण अनुसार स्थानीय भत्ता पाउने जिल्लामा भए वर्षभरीमा जम्मा १०.५ महिनाको मात्र स्थानीय भत्ता पाउने उल्लेख भएको छ।तर पालिकाले निम्नानुसारको विद्यालयमा १२ महिना नै स्थानीय भत्ता निकासा गरेको हुनाले वढि निकासा भएको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| क्र.स. | वढि निकासा भएको विद्यालयको नाम | शिक्षकको नाम | निकासा हुनुपर्ने रकम | निकासा भएको रकम | वढी निकासा |
|---|---|---|---|---|---|
| १. | सिमिगाउँ प्रा.वि. | आङ्गदोर्जे शेर्पा | ६७८३० | ७७५२० | ९६९० |
| | | थुण्डु शेर्पा | ८०९५५ | ९२५२० | ११५६५ |
| २. | टासिनाम आ.वि. | वलराम सेढाई | ८०९५५ | ९२५२० | ११५६५ |
| | | गोपाल खड्का | ६७८३० | ७७५२० | ९६९० |
| | | मिरा श्रेष्ठ | ६७८३० | ७७५२० | ९६९० |
| | | ईन्दिरा श्रेष्ठ | ६७८३० | ७७५२० | ९६९० |
| जम्मा | | | | | ६१८९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,८९० |

६० **पारिश्रमिक कर**

गो.भौनं.२६ मिति २०८०।०९।०५ स्थानीय पाठ्यक्रम निर्माण कार्यान्वियन र प्रवोधिकरण समेत गर्ने गरी शिक्षा,युवा तथा खेलकुद शाखासँग प्रताप स्मृती क्याम्पस कालिञ्चोकका राम वहादुर खड्का सँग मिति २०८०।०६।१३ सम्झौता गरेकोमा रकम भूक्तानीमा कर कट्टा गर्नुपर्ने रकम कट्टा नगरी भूक्तानी भएकोले असुल गर्नुपर्ने देखिएको रू.

| क्र.सं. | नाम | भूक्तानी रकम | पारिश्रमिक कर |
|---|---|---|---|
| १. | राम वहादुर खड्का | १५०००० | २२५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,५०० |

६१ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ।तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु २२८४१०९।- का औषधि सोझै ६ पटक खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन् ।

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६२ **तलव शिर्षकबाट सामाग्रि खरिद**

अर्थ मन्त्रालयको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ (परिमार्जन सहित) अनुसार तीनै तहका सरकारले चालु प्रकतीको लागि गर्ने खर्चको संकेत सम्वन्धी व्यवस्था रहेको छ।उक्त व्यवस्था अनुसार खर्च संकेत नं. २११११ मा पारिश्रमिक कर्मचारी अन्तरगत पर्ने कर्मचारीहरुले पाउने तलव,कर्मचारी सञ्चय कोष,वार्षिक गेर्डवृद्धि,आयोजना अवधिभरको लागि वा स्विकृत अस्थायी पदमा नियुक्ती भई काम गरेबापत्को ज्याला,मेहनाता तथा अन् पारिश्रमिक खर्च र,बहालवाला कर्मचारीहरुको सञ्चित घर विदा,विरामी विदा,सट्टा विदा र चाडपर्व खर्च वापतको रकम खर्च गर्न पाउने व्यवस्था रहेको छ । साथै अन्तर सरकारी वीत्त व्यवस्थापन ऐन,२०७४ को दफा ९ मा सशर्त अनुदान सम्वन्धी व्यवस्था रहेको छ।जसमा सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारको योजना कार्यान्वियन गर्ने सम्वन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले संघीय सशर्त अनुदान वापत प्राप्त गरेको पारिश्रमिक खर्च संकेतबाट निम्नानुसारको सामाग्रि खरिद गरी खर्च गरेको छ।यसरी संघीय सशर्त अनुदान वापतको रकम तोकिएको खर्च शिर्षमकमा खर्च नगरी फरक खर्च शिर्षकमा खर्च गरेको अनियमित देखिएको रू.

| गो.भौ.नं. र मिति | खरिद भएका सामाग्रिहरु | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| ७६ २०८०।०८।२६ | ईन्भरटर सोलार,स्पिकर लगायतका | दिपज्योती इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स सेन्टर | ९८७६२ |
| ८० २०८०।०८।२७ | पन्चिङ्ग मेशिन,रजिष्टर,पेन लगायतका स्टेशनरी समाग्रिहरु | ऐश्वर्या स्टेसनरी सेन्टर | ७०६७९१ |

| | |
|---|---|
| अनियमित भएको | ८,०५,५५३ |

६३ **प्राविधिक धार तर्फका विद्यार्थिको छात्रवृत्ति**

गो.भौ.नं.१९ मिति २०८०।०५।२३ पालिकाले गौरीशंकर गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि,२०७९ मिति २०७९।११।१७ मा स्विकृत गरेको छ।उक्त कार्यविधि अनुसार विभिन्न ६ वटा विषयमा प्रविणता प्रमाणपत्र तह तथा स्नातक तहमा ६ वटा विषयमा अध्ययन गर्न चाहाने विद्यार्थिलाई छात्रवृत्ति रकम उपलव्ध गराउन सक्ने व्यवस्था रहेको छ।तर उक्त कार्यविधिमा कति रकम उपलव्ध गराउने भन्ने स्पष्ट व्यवस्था गरेको छैन ।नेपालको संविधानले पालिकाको माद्यामिक तहसम्मको मात्र अधिकार क्षेत्र दिएको अवस्थामा स्नातक तहमा प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थिको छात्रवृत्तिको व्यवस्था गर्ने स्थानीय तहको अधिकारको क्षेत्रभित्र नपर्ने देखिन्छ ।पालिकाले प्राविधिक धारमा विभिन्न तहमा अध्ययन गर्ने २२ जना विद्यार्थिलाई रू.१९०५०००।– भूक्तानी गरेको देखिन्छ।उक्त कार्यविधिको परिच्छेद- ५ को बुँदा नं. ९ (२) मा छात्रवृत्ति प्राप्त गर्न विद्यार्थिले सम्वन्धित शिक्षण संस्थामा भर्ना भई शिक्षण संस्थाले अध्ययनरत रहेको व्यहोराको सिफारिस गर्नुपर्ने व्यहोरा उल्लेख छ।साथै सिफारिसमा सम्वन्धित विषय अध्ययन गर्न लाग्ने शुल्क सम्वन्धी निर्णय समावेश गर्नुपर्ने व्यहोरा उल्लेख छ।तर पालिकामा छात्रवृत्ति पाएका विद्यार्थिले उक्त छात्रवृत्ति वापत प्राप्त गरेको रकम सम्वन्धित शिक्षण संस्थामा शुल्क वापत भुक्तानी गरेको देखिदैन।साथै कतिपय विद्यार्थिहरुले यसै पालिका मार्फत सञ्चालन गरेको प्राविधिक धारको विद्यालयमा अध्ययन समेत गरेको देखिन्छ भने उक्त विषय अध्ययनको लागि शुल्क नलाग्ने समेत पालिकाले लेखापरीक्षणको क्रममा जानकारी गराएको छ । यसरी शुल्क नलाग्ने शिक्षण संस्थामा अध्ययन गर्ने विद्यार्थिलाई पालिकाले आफ्नो आन्तरिक श्रोतको ७७.५८ प्रतिशत रकम छात्रवृत्ति (आन्तरिक आम्दानी रू.२४,५५,४२१।०४ रहेको) रकम वितरण गरेको देखिन्छ ।छात्रवृत्ति सम्वन्धी कार्यविधिमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थिले अनिवार्य रुपमा उतिर्ण भएको प्रमाण पत्र पेश गर्नुपर्ने तथा सम्वन्धीत शैक्षिक तह उतिर्ण भएपश्चात अनिवार्य रुपमा निश्चित वर्ष पालिकामा सेवा गर्नुपर्ने जस्ता प्रावधानहरु राखिएको देखिदैन।यसरी पालिकाले आफ्नो आन्तरिक आम्दानीको ठूलो हिस्सा छात्रवृत्तिमा खर्च गर्ने कार्य औचित्यपूर्ण नभएको रू.

| | |
|---|---|
| अनियमित भएको | १९,०५,००० |

६४ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष खाना तथा विविध तर्फ मात्र २०,००,००० खर्च जसमा सभा संचालन खर्च रू. ४ लाख गरेको छ।आन्तरिक आय रू २४,५५,४२१।०४ को तुलनामा उक्त खर्चमा ८१.४५ प्रतिशत खर्च भएको देखिन्छ ।चालु प्रकृतिका खर्चमा नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

| कूल आन्तरिक आय | प्रशासनिक खर्च | पूँजिगत खर्च | विविध खर्च |
|---|---|---|---|
| २४,५५,४२१।०४ | ७,८२,७०,१३४।४० | १५,२१,८७,१४६ | २०,००,००० |

६५ **विविध परीक्षण**

६५.१ **व्यक्तीको नाममा पार्टीको चेक-** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा कुनै पनि कार्यको भुक्तानी दिदा सम्बन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्ने ब्यवस्था छ । यस पालिका कार्यालयले बिभिन्न प्रकारका निर्माण र खरिदका कार्य अमानतबाट गराई निम्न पदाधिकारी तथा कर्मचारीको नाममा भुक्तानी दिएको देखिन्छ । कार्यालयले कार्य गरे वापतको रकम सम्वन्धित पार्टीलाई भुक्तानी नदिई तेस्रो ब्यक्ति वा जनप्रतिनिधिको ब्यक्तिगत नाममा चेक जारी गरी भुक्तानी दिएको नियमसंगत देखिएन ।

कार्यालयले नियमको पालना नगरी पार्टीको नाममा जारी गर्नु पर्ने चेक ब्यक्तिको नाममा जारी गरी भुक्तानी गरेको अननियमित देखिएको रू

| भौचर नं. र मिति | योजना वा कामको नाम | पदाधिकारीको नाम | रकम |
|---|---|---|---|
| १७४।२०८१।३।१८ | प्लाष्टिक ट्रनेल | सुवास के सी | १९०००० |
| १५७।२०८१।३।६ | खानेपानी तथा सिचाई पाईप खरिद | सुवास के सी | ९९७३३ |

| | |
|---|---|
| अनियमित भएको | २,८९,७३३ |

६५.२ **खर्च पुष्टयाई गर्ने प्रमाण नभएको-** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्म भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको पुष्टयाई हुने कागजात तथा हस्तान्तरण, बितरण तथा जडान गरेका भरपाई भौचर साथ राखेको देखिएन।अतः पालिका कार्यालय खर्च पुष्टयाई गर्ने कागजात तथा प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| भौचर नं.र मिति | ब्यहोरा | रकम | कैफियत |
|---|---|---|---|
| ११०।२०८१।१।३१ | जाली खरिद १।५को १४५ थान | ४८९०५८ | २ देखि ७२ थानको १७ जनाको भरपाई रहेको प्रयोग जडान नखुलेको |
| १७४।२०८१।३।१८ | प्लाष्टिक ट्रनेल र बिभिन्न ५ प्रकारका समान खरिद | ९०००० | बितरण भरपाई नभएको |
| १९५।२०८१।३।२१ | कागज उधोग मिल समानखरिद | २०००० | प्रयोग छनौटको आधार खुलेको देखिएन |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९९,०५८ |

६५.३ **अनुदानको अनुगमन नभएको** – बागमती प्रदेश एकिकृत अनुदान संचालन कार्यबिधी, २०७८ को बुदा नं. १३ मा अनुदान रकमबाट संचालन भएका कार्यक्रमहरू प्रभावकारी रूपमा भए नभएको सम्वन्धमा सम्वन्धित निकायले अनुगमन मुल्याङ्कन गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयले आर्थिक बर्ष २०८०।८मा प्रदान गरेका निम्न अनुसारका कार्यक्रम प्रभावकारी रूपमा संचालन भए नभएको सम्वन्धमा प्रभाव असरको अनुगमन मुल्याङ्कन गरेको देखिएन।अतः कार्यालयले फलोअप अनुगमन गर्नु पर्दछ ।

| सि. नं. | कार्यक्रमको नाम | फर्मको नाम | अनुदान संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | कागती सुन्तला प्रवद्रन कार्यक्रम | एन डि शेर्पा फर्म | १ | १०००००० |
| २. | आलु पकेट क्षेत्र कार्यक्रम | मयुर साना किसान कृषि सहकारी | १ | ४००००० |
| ३. | अग्रेली नर्सरी ब्यवस्थापन | थल्दिङ्ग कृषि तथा पशुपक्षी फर्म | १ | २००००० |

६५.४ **अनुदान वितरणमा अंशदान नभएको** –प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि, २०८० को बुदा नं. ५ को ( ग) मा निजि तथा ब्यावसायिक प्रयोजनका कृषि पूवाधारहरू ( निजी पूर्वाधार ) हकमा अधिकतम ५० अनुदान दिने ब्यवस्था छ।यस पालिकाले कार्यविधिको पालना नगरी अनुदान कार्यक्रममा ५० प्रतिशत भन्दा घटी अंशदान राखि रकम भुक्तानी गरेको देखिन्छ।यसरी पालिकाले अनुदान प्रदान गर्ने कार्यविधिको पालना नगर्नुको साथै पालिकाको अनुदान प्रदान गर्ने कार्यविधि बेगर निम्न अनुसार घटी अंशदान गरी पालिकालाई बढी ब्यभार परेको देखिन्छ ।अत पालिकाले अनुदान प्रदान गर्दा मापदण्ड पालना गरी यस्ता अनियमित कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| भौचर नं. र मिति | योजनाको नाम | मुल्याङ्कन रकम | ५० प्रतिशतले हुने | भएको | घटी भएको |
|---|---|---|---|---|---|
| ९२।२०८१।१।१३ | आलु पकेट क्षेत्र कार्यक्रम | ४४५०००० | २२२५०० | २२५०० | १७७५०० |
| १७९।२०८१।३।२० | थल्दिङ्ग कृषि तथा पशुपक्षी फर्म | २००००० | १००००० | ०० | १००००० |

## ६६ मसलन्द तथा कार्यालय सामान

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ। पालिकाले कार्यालय सामानको लागि पालिका तर्फ रु १,२१,३०,२००।- गरी विनियोजन गरेकोमा रु १,१९,७८,६७०।- को खर्च भएको पाइयो।सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने देखिन्छ ।

## ६७ सम्पत्ति हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ।यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन।यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुनसक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

## ६८ मालसामानको स्फेशिफिकेशन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन तथा अन्य विवरणहरु तयार गर्नु पर्ने व्यवस्था। स्वीकृत स्पेसिफिकेशनको अधिनमा रही सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गरी नियम १४ बमोजिम सो लागत अनुमान अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ ।पालिकाले खरिद गरेका मसलन्द तथा कार्यालय संचालन सम्वन्धी मालसामानमा स्पेशिफिकेशन नखुलाएर खरिद आदेश तथा दाखिला भएको देखियो । तसर्थ कार्यालयले यस्तो कार्यमा सुधार गरी आर्थिक अनुशासनको पालनातर्फ ध्यान दिनुपर्दछ ।

## ६९ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ।यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १५ करोड २१ लाख ८७ हजार।- पूँजीगत खर्च (मालसामान खरिद तथा निर्माण कार्य) गरेको छ।तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## ७० सोझै खरिद

७०.१ **लागत अनुमान-** सार्वजनिक खरिद ऐन २०६३,को दफा ५ को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ ।यस पालिकाले आर्थिक बर्ष २०८०।८१ मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका

कोटेशनका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ।यसरी लागत अनुमान तयार नगरी सोझै कोटेशन लिई खरिद गरिएको कार्य नियमसंगत हो भन्न सकिएन । अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको ब्यवस्था पालना गर्नुपर्दछ । केही उदाहरण निम्न छन् ।

| भौचर नं. र मिति | समानको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ९।२०८०।८।२० | निशुल्क औषधि उपकरण खरिद | ७३१६०५ | गा. पा . स्वास्थ्य |
| २३।२०८०।३।४ | निशुल्क औषधि उपकरण खरिद | १२१९२६३ | |
| ६२।२०८०।१२।६ | जेनेरेटरखरिद | १९०००० | गा. पा. |
| ९०।२०८१।१।२३ | जुगु खानेपानी पाईप खरिद | ३००००० | |
| ११०।२०८१।१।३१ | जाली खरिद | ४८९०५८ | |

७०.२ **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख)मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ।यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार पालिका प्रशासकिय भवनको थप कार्य एक पटक भन्दा बढी पटक ट्क्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेको देखिन्छ।यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिको निर्माण कार्य पटक पटक र बिभिन्न पार्टीसंग खरिद तथा निर्माण गरेको नियमसंगत नदेखिएको रु

| **भौचर नं.र मिति** | **योजनाको नाम** | **पार्टीको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २०८।२०८१।३।२४ | गाउँपालिका प्रशासकिय भवन थप कार्य | ओम अग्नी बर्मे कन्स्टक्शन एण्ड सप्लार्स | ८९८७३३ |
| २०९।२०८१।३।२४ | गाउँपालिका प्रशासकिय भवन थप कार्य | Delightful builders and suppliers | ९४६९३८ |
| १६०।२०८०।३।६ | गाउँपालिका प्रशासकिय भवन थप कार्य | मैनापोखरी कन्स्टक्शन प्रा लि | ७२९४७१ |
| १६०।२०८०।३।६ | गाउँपालिका प्रशासकिय भवन थप कार्य | कम्बिसे कन्स्टक्शन एण्ड सप्लार्स | ९६७२६० |

| | |
|---|---|
| अनियमित भएको | ३५,४२,४०२ |

७०.३ **कोटेशनको कार्य** - सार्वजनिक खरीद ऐन, २०६३, को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ। कार्यालयले आर्थिक वर्ष २०८०।८१ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्रारा गरेको देखिन्छ।यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी लागत अनुमान तयारी गरी सोही आधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०.२ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १।१७ देखि ३९ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनद्धारा कार्यालयले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन।अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ ।यस्ता केही उदाहरण निम्न प्रकार छन् ।

| सि. नं. | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| १. | तिनेखु जुगु सडक खण्ड ग्राबेल | ५९१६१३ | ५४६००० | ७.७ |
| २. | भोर्ले तिनेखु गाउपालिका सडक | ९९९७९१ | ९९९०११ | ०.०७ |
| ३. | गा पा प्रशासकिय भवन थप कार्य | ८९९२८७ | ८९८७३३ | ०.०६ |
| ४. | गा पा प्रशासकिय भवन थप कार्य | ९६४३९७ | ९४६९३८ | १.८१ |
| ५. | ग्रिल निमार्ण कार्य गा. पा. | २२४९९९ | २२०५२३ | १.९९ |

७०.४ **वडा बाट समान खरिद-** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७, को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस पालिकाले वडा कार्यालयबाट पुजिगत प्रकृतिका समान सोझै खरिद गरी वडामा प्रयोग गर्ने गरेका र गाउँपालिका कार्यालयमा स्पशिफिकेशन खुलाई पाम्समा दाखिला समेत गरेको देखिएन । यसरी लागत अनुमान बेगर पुजिगत प्रकृतिका समान वडाबाट खरिद गरेको नियमसंगत देखिएन।साथै उक्त खरिद गरेका समान कहाँ को कसको जिम्मा रहेको खुलाई राखेको देखिएन।अतः पालिकाले यसरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ। केही उदाहरण निम्न छन् ।

| भौचर नं. र मिति | खरिद गरेका समान | वडा नं. | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ९०।२०८१।१।२३ | खानेपानी तथा सिचाई पाईप खरिद | २ | ३००००० | १३ जनाको भरपाई रेहेको जडान प्रमाण नभएको |
| ६२।२०८०।१२।६ | जेनेरेटर खरिद | ६ | १९०००० | पालिकामा दाखिला नभएको |
| १६।२०८०।६।३० | पाइप खरिद | ४ | ६४१८४ | प्रयोग अवस्था नखुलेको |

७१ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, २५ कार्यविधि लगायत ४० वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ।कानूनमा भएको व्यवस्था व्यवहारमा कार्यान्वियन गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।

७२ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको २२ गरी कुल २३ विवाद दर्ता भएकोमा २३ वटा फछ्र्यौट भएको देखिन्छ।जसको विवरण निम्नानुसार रहेको छ ।

| उजुरीको प्रकार | गत आ.वमा फछ्र्यौट गर्न बाँकी | यो आ.व मा थप | यो आ.व मा फछ्र्यौट | फछ्र्यौट बाँकी |
|---|---|---|---|---|
| चरन घास दाउरा | | ३ | ३ | ० |
| गाली बेइजति | १ | १२ | १२ | ० |
| साध सिमाना | | १ | १ | ० |
| पारिवारिक मेलमिलाप | | २ | २ | ० |
| ज्याला मजदुरी नपाएको | | २ | २ | ० |
| जग्गा गोगचलन सम्बन्धि बिवाद | | | | ० |
| सामान्य कुटपिट | | २ | २ | ० |

## ७३ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको भौचर लेखापरीक्षणको क्रममा पेश भएको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १९,७०,०६,१२५।६० | १६,५१,७५,२५१।२० | ३,१८,३०,८७४।४० |
| | विषेश | २३,००,००० | २२,४४,४०९ | ५५,५९१ |
| | समपुरक | ४८,०४,४२९ | ४८,०४,४२९ | |
| प्रदेश सरकार | शसर्त | २,२२,२५,७४१ | २,०६,६५,४८२।७० | १५,६०,२५८।३० |
| | विषेश | ६०,८५,६४३ | ६०,८५,६४३ | |
| | समपुरक | १,०३,७७,८०४ | १,०३,६०,०३८ | १७,७६६ |

## ७४ योजना छनौट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ।सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०८०।८१ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-50 लाख सम्म | 50 लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा स्तरिय | **20** | **29** | **42** | **7** | **0** | | **98** |
| पालिकास्तरिय | **1** | **5** | **9** | **7** | **20** | **7** | **49** |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १ करोड सम्मका जम्मा १४७ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २१ वटा योजनाहरु रहेका छन्।त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

७५ **पेश्की बाँकी**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ।नियममा भएको व्यवस्था अनुसार कार्यालयले दिएको म्याद ननाघेको तथा म्याद ननाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| विवरण | कामको विवरण | गत वर्षको पेश्की बाँकी | यस वर्षको थप | |
|---|---|---|---|---|
| | | | म्याद नाघेको | म्याद ननाघेको |
| ठेकेदार | विद्यालय भवन निर्माण | जनउपकार कन्ट्रक्सन प्रा. लि. | | ९,००,००० |

७६ **ठेक्का व्यवस्थापन**

७६.१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नु पर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

७६.२ **गाउँपालिका प्रशासकिय भवन निर्माण-** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएका कार्य, सार्वजनिक निकाययले स्विकार गरे पछि आपुर्तिकर्ता, निर्माण ब्यवसायी , सेवा प्रदायक वा परामर्शदातालाई करारको शर्त बमोजिम अन्तिम भुक्तानी दिनु पर्ने ब्यवस्था छ । यस पालिका कार्यालयले आर्थिक बर्ष २०७७।७८ बाट गाउपालिका प्रशासकीय भवन निर्माणको लागि शुरू गरेकोमा हालस्म्म कति खर्च भयो कति पटक ठेक्का लगाई कार्य गरेको भनि अभिलेख माग्दा पालिकाले उपल्बध गराउन सकेन।यस आर्थिक बर्षमा ठेक्का लगाएका र कोटेशनदारा सम्पन्न गरेका भौचर भिडान गर्दा १ वटा ठेक्का लगाई रू ८८४७८०७।०० भुक्तनी गरेको देखिन्छ भने ४ वटा कोटेशनबाट रू ३४९१४०२।०० गरी जम्मा रु १२३३९२०९।०० खर्च गरेको देखिन्छ।लेखापरीक्षणको क्रममा फिल्डमा गई अवलोकन गर्दा हाल सम्म निम्न निमाण कार्य अधुरो रहेको अवस्थामा समेत कार्य सम्पन्न प्रतिबेदन तयार गरी सम्झौता अनुसारको सबै रकम भुक्तानी दिएको देखिन्छ । यसरी निर्माण ब्यवसायीले सम्झौता अनुसार कार्य सम्पन्न नगरेको अवस्थामा कार्यालयले सम्झौता अनुसार कार्य गरेको भनी सबै रकम भुक्तानी दिएको नियमसंगत नदेखिएले यसरी भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । साथै कार्यालयले लागत अनुमान र सम्झौता बमोजिम कार्य भए नभएको नाप जाँच गरी एकिन गर्नु पर्ने देखिन्छ। कार्यालयको लागत अनुमान अनुसार सालको फ्रेम भनेकोमा तयारीको लागि निर्माण स्थलमा पुगाएको झ्यालका फ्रेममा साल बाहेक अन्य काठ पनि प्रयोग गरेको देखिन्छ।यस सम्वन्धमा र नभएको कार्यको प्राबिधिक तथा भुक्तानी सिफारिस गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।अतः पालिका कार्यालयले सम्पन्न नभएका सबै कार्यको हिसाव एकिन गरी लागत अनुमान तथा सम्झौता बमोजिमको कार्य सम्पन्न गराउनु पर्ने देखिएको छ । लेखापरीक्षणको क्रममा सम्पन्न नभएको निम्नानुसारको कार्यको भूक्तानी दिएको रकम अनियमित देखिएको रु.

| सि. नं. | आईटमको नाम | आईटम न | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | भवनको झ्याल निर्माण | ३० | ६४०५६०।०५ | ले .प .को समय सम्म काम नभएको |
| २. | पेन्टीङ्गको काम | २१ | ६७९१२।९५ | ले .प. को समय सम्म काम नभएको |
| ३. | इनामेलको काम | २२ | ३४५९०।०० | ले .प .को समय सम्म काम नभएको |
| ४. | पोलिसको काम | २३ | ८३९२।५० | ले. प.. को समय सम्म काम नभएको |
| ५. | पाइप रेलिङ्ग काम | २४ | १६३८०।०० | ले प .को समय सम्म काम नभएको |
| ६. | इलास्ट्रोक्रेट वाटर प्रोफिङ्ग कटिङ्ग | २५ | ५१५४५।०० | ले. प. को समय सम्म काम नभएको |

**फोटो १ काम भईराखेको अवस्था**



फोटो २



भवनको अगाडी भाग

| | |
|---|---|
| अनियमित भएको | ८,१९,३८०.५ |

७६.३ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३, को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १.१७ देखि ४८.६० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाले स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भए पनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नु पर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजना निम्न अनुसार छन ।

| क्र. स | योजनाको विवरण | ठेक्का नं. | बोलपत्र दर्ता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | भोर्ले गाउपालिका सडक | १।२०।८०।८१ | ११ | १९४८५७९९ | १२२९७६७६ | ३६.८९ |
| २ | भोर्ले गाउपालिका सडक ठुलो चौर | २।२०।८०।८१ | १८ | १९४८४७७५ | १००१५१३९ | ४८.६० |
| ३ | पिखुती महतरा नासुके सडक | ३।२०।८०।८१ | ११ | १९४८४३३७ | १०७४७४०० | ४४.५ |
| ४ | जुगुखोला बेशी सिचाई | ९।२०।८०।८१ | ५ | ९७४२०७२ | ६०८४१८५ | ३७.५५ |
| ५ | जामुने केशरी छेसाखारे सडक | ८।२०।८०।८१ | ६ | ४९९९४३६ | २९८५२९४ | ४०.२८ |
| ६ | चमारबथु चाखु सडक | १३।२०।८०।८१ | ६ | ४८७१३७० | २७४९७४५ | ४३.५५ |
| ७ | टासीनाथ सिमिगाउ सडक | १२।२०।८०।८१ | ४ | ४९९९९१७ | २७७६४११ | ४३.०१ |

७६.४ **नन्फाईलरलाई मु. अ. कर. भुक्तानी-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(१) मा करदाताले प्रत्येक कर अबधिको कर सो अबधि समाप्त भएको मितिले २५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ, साथै दफा १९(२) मा उक्त अबधिमा कर नबुझाएमा बाँकी रहेको रकममा वार्षिक १० प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ।कार्यालयले निम्नानुसारको नन फाईलर फर्मलाई मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा उक्त फर्म विगत निम्न समयदेखि नन फाईलर रहेको देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर रकम आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने, रु.

| गो. भौ.न र मिति | पार्टीको नाम | कामको नाम | ननफाईलर मिती | मु अ कर रकम | कट्टी रकम | भुक्तानी |
|---|---|---|---|---|---|---|
| ५।२०८०।६।२६ | अल स्टेट मल्टिपर्पोज प्रा लि | तिनेखु जुगुसडकखण्डग्राबेल योजना | २०८० असार | ६३७८७ | १९१३६ | ४४६५० |
| १७।२०८१।१।२८ र अन्य | राजेश एण्ड बद्रश निर्माण सप्लार्स | पिखुती महतरा नाकुशे सडक | २०८० असार | १२२९०६८ | ३६८७१९ | ७१४८८१ |
| २४।२०८१।३।२३ | राजेश एण्ड बद्रश तथा निर्माण सप्लार्श | भोर्ले तिनेखु गाउपालिका सडक ५ | २०८० असार | ११४७७६८ | ३४४३६९ | ८०३३९९ |
| २०८।२०८१।३।२४ | ओम अग्री बर्मे कन्स्टक्शन एण्ड सप्लार्स | गाउपालिका प्रशासकिय भवन थप कार्य | २०८० असार | १०३३९४ | ०० | १०३३९४ |
| १६०।२०८०।३।६ | मैनापोखरी कन्स्टक्शन प्रा लि | गाउपालिका प्रशासकिय भवन थप कार्य | २०८० असार | ४८४८७ | ०० | ४८४८७ |

| प्रमाण पेश नगरेको | १७,१४,८११ |
|---|---|

७६.५ **बिमा बिल नभएको** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न निर्माण कार्यको बिल रकम भुक्तानी गर्दा PS आईटममा राखेको बिमा रकमको मु. अ. कर बिजक बेगर भुक्तानी दिएको देखिन्छ । यसरी कर बिजक बेगर भुक्तानी गरेको नियमसंगत नदेखिएकोले निर्माण ब्यावसायीले बिजक लिएको भए सम्बन्धित पार्टीको समायोजन प्रमाण पेश गर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रू

| सि.नं. | योजनाको नाम | पार्टीको नाम | बिमा बिल पेश हुनु पर्ने रकम | बिल पेश भएको रकम | फरक |
|---|---|---|---|---|---|
| १. | भोर्ले तिनेखु गाउपालिका सडक ३ | राजेश एण्ड बद्रश तथा निर्माण सप्लार्श | ५०००० | ० | ५०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

७६.६ **IEE प्रतिबेदन कार्यान्वयन नगरेको** -वातावरण ऐन २०७६, तथा नियमावली, २०७७ तथा वातावरणिय प्रभाव मुल्याङ्कन निर्देशिका अनुसार सार्वजनिक संरक्षित क्षेत्रमा निर्माण कार्य गर्दा IEE गर्नु पर्ने ब्यवस्था छ। यस पालिकाले निम्न ३ वटा सडकको लागि IEE प्रतिबेदन तयार गरे वापत रू २४,५०,४०५।०० खर्च गरी प्रतिबेदन तयार गरेको देखिन्छ । कार्यालयमा पाप्त प्रतिबेदन अनुसार कार्यालयले यस बर्ष बजेट ब्यवस्था गरी उक्त कार्यको लागि ठेक्का ब्यवस्थापन गरेको देखिएन ।कार्यालयले कार्य वापत खर्च गर्ने तर कार्यान्विन नगर्ने कार्य उचित देखिएन । अतः पालिकाले प्रतिबेदन अनुसार कार्य सम्पादन गर्नु पर्दछ ।

| सि. नं. | योजनाको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १ | जामुने छेसाखारे सडक iEE प्रतिबेदन तयार | ८७८५७५।०० | |
| २ | तिनेखु भोर्ले सडक IEE प्रतिबेदन तयार | ८५७५७५।०० | |
| ३ | जगतफेदी टासीनाम सिमिगाउ सडक IEE प्रतिबेदन तयार | ७१४१६०।०० | |
| | | | |

माथि उल्लेखित सडकको आर्थिक बर्ष २०८०।८१मा पालिकाबाट समेत सडक निर्माणको कार्यमा खर्च गरेको देखिएको अवस्थामा पुन पालिकाले नै IEE प्रतिबेदन तयार गरी खर्च गरेको देखिन्छ ।अतः पालिकाले एउटै कार्यमा दोहोरो खर्च भए नभएको सम्वन्धमा एकिन गर्नु पर्दछ ।

७६.७ **कार्य सम्पन्न प्रतिबेदन** - सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको निम्न ब्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । कार्यालयले खरिद सम्झौता संख्या, सम्पन्न भएको निर्माण कार्य,पाप्त भएको माल समान वा सेवाको बिवरण,निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा पाप्त भएको मिति, सम्पन्न निर्माण कार्य,पाप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति ,आदी उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने व्यवस्था छ । यस कार्यालयद्वारा आर्थिक बर्ष २०८०।८१ मा संचालित वा बिगत आ.वा.बाट सर्दै आएका योजना यस बर्ष सम्पन्न भएका आधारमा कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरी भुक्तानी गरेको देखिन्छ।यसरी कार्यालयले आर्थिक बर्ष २०७९।८० मा कार्य स्वीकार गरी भुक्तानी दिएका योजनाको निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भए पछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिपीकेशन बमोजिम भए नभएको कुरा प्राबिधिक कर्मचारीबाट जाच बुझ गराई कार्य सम्पन्न प्रतिबेदन तयार गर्नु पर्नेमा कार्य सम्पन्न प्रतिबेदन तयार गरेको बिवरण लेखापरीक्षणको समयमा उपलब्ध भएन।कार्य सम्पन्न प्रतिबेदन बेगर कार्यालयले स्वीकार गरेका योजनाहरूको कार्य, स्वीकृत ड्रइङ्ग डिजाइन गुणस्तर र स्पेसिफिकेशन अनुसार भएको छ भन्न सकिने आधार देखिएन । अतः कार्यालयले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजि सम्पन्न योजनाको कार्य सम्पन्न प्रतिबेदन तयार गर्नु पर्दछ ।

७६.८ **मोटर साईकल खरिद** - क्याटल सपिङ कार्यविधि २०७४, को दफा ८ मा मौजुदा सुचि तयार गर्नु पर्ने, दफा ९ मा प्रस्ताव दर्ता गर्नु पर्ने, दफा १२ मा आर्थिक प्रस्ताव माग गर्ने प्रयोजनको लागि सुचि तयार गर्नु पर्ने र दफा १४ मा सिलवन्दी आर्थिक प्रस्ताव र मुल्यमा छुट सुबिधा माग गर्नुपर्ने ब्यवस्था छ।पालिका कार्यालयले यस बर्ष कार्यालय प्रयोजनको लागि ९ वटा मोटर साईकल खरिदको लागि रु

३५१६१००।०० लागत अनुमान तयार गरी सुचना प्रकाशन गरेको देखिन्छ।कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार क्याटलक सपिङ्गबाट खरिद गरेको देखिन्छ भने कार्यालयले मोटरसाईकल खरिदको लागि लागत अनुमान तयार गरेको आधार स्पष्ट रुपमा उल्लेख गरेको अभिलेख देखिएन । जसले गर्दा कार्यालयले प्रयोग गरेको बिधिको बारेमा बिश्वस्त हुन सक्ने आधर देखिएन। अतः कार्यालयले खरिद बिधि छनौट गर्दा नै आधिकारी कम्पनी वा कम्पनीको आधिकारी बिक्रेताले प्रकाशित गरेको ब्रोसर दरलाई आधार लिई खरिदको लागत अनुमान र बिधि निधारण गर्नु पर्दछ ।पालिकाले लागत अनुमान तयार गरेको आधार फाईलमा राखेको देखिएन।अतः पालिका कार्यालयले क्याटलग सपिङ बिधिबाट समान खरिद गर्दा कार्यविधिमा भएको ब्यवस्था पुर्ण पालना गरी खरिद गर्न तर्फ ध्यान दिनु पर्दछ ।

७६.९ **मुल्य समायोजन** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौता र सोको शर्तसम्वन्धि ब्यवस्था गरेको र उक्त दफा २ को १ (घ) मा कार्यको कार्यतालिका पेश गर्नु पर्ने ब्यवस्था छ भने दफा ५५ (१) मा खरिद सम्झौतामा अन्यथा ब्यवस्था भएकोमा बाहेक बाह् महिना भन्दा बढी अवधिको सम्झौता कार्यान्वियन गर्ने क्रममा १० प्रतिशत भन्दा बढी मुल्य घटबढ भएमा त्यसरी मुल्य घट बढ भए बमोजिम कट्टा गरी मुल्य समायोजन गरिने ब्यवस्था छ । यस कार्यालयले १५ शैया अस्पताल भवन निर्माणको लागि मु .अ. कर सहित रू १३,००,७४,६५५।००मा सुनकोशी त्रिबेणी जे. भी.संग सम्झौता गरेकोमा ऐनको ब्यवस्था अनुसार निर्माण कार्यको कार्य तालिका राखेको प्रमाण लेखापरीक्षणको समयमा पेश भएन र साथै तालिका अनुसार कार्य हुन नसकेको समय अभिलेख कार्यालयले पनि राखेको देखिएन ।यसरी समय कार्यतालिका नराखि सम्झौता भएको ५० प्रतिशत म्याद थप गर्दा सम्म कार्य सम्पन्न नहुदा पनि कार्यालयले चौथो आईपिसीबाट यस बर्ष मु. अ. कर. सहित रू ३६०४७५४।२४ मुल्य समायोजन भुक्तनी गरेको देखिन्छ ।अतः कार्यालयले नियमावलीको ब्यवस्था पालना गरी भुक्तानी दिनु पर्दछ ।

७६.१० **कच्चावारी बेगरको भुक्तानी** –आर्थिक कार्यबिधी तथ बित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को (१३) मा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने भएमा बिल भरपाइ बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिनु पर्ने कारण खोली महालेखापरीक्षक कार्यालयले तोकेको ढाचामा भुक्तानी दिन बाँकीको कच्चावारी चढाइ श्रामण ७ गते भित्र कार्यालय प्रमुख र गाउसभाबाट प्रमाणित गराइ राख्नु पर्ने ब्यवस्था रहेको छ । यस पालिकाले आर्थिक बर्ष २०७९।८० मा निम्न कार्यको भुक्तानी दिन कच्चावारी बेगर भुक्तानी गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था बिपरीत भुक्तानी दिन बाकी कच्चावारी प्रमाण बेगर भुक्तानी दिएको नियमसंगत नदेखिएको रू.

| गो .भौ. नं. र मिति | शिर्षक | योजनाको नाम वा फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १।२०८०।७।२२ | एकिकृत स्वास्थ्य पुर्वाधार | १५ शैया अस्पताल निर्माण | ९४७६९२ |

| | |
|---|---|
| अनियमित भएको | ९,४७,६९२ |

७६.११ **भेरिएशन आदेश** -सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ को -१ _ मा खरिद सम्फौता गर्दाका बखत पूवानुमान गर्न नसिकएको परिस्थितीको सम्फौता कार्यन्वनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाइ तोकिए बमोजिमको अधिकारीले तोकिएको कायर्बिधी अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने ब्यवस्था छ।यस पालिकाले यसरी अनुमान गर्न नसकिएको स्पष्ट देखिने गरी कारण नखुलाई सम्झौतामा कायम भएका आइटमको परिमाण घटी बढी गरी निम्न कार्यको भेरिएशन आदेश रू जारी गरेको देखिन्छ।लागत अनुमान तयार गर्दाका बखत नै एकिन गर्न सकिन परिमाणको योजना कार्यान्वियन गए पछी भेरिएशन आदेश जारी गरेको नियमसंगत हो भन्न सक्ने आधार देखिएन ।कार्यालयले आयोजनाको लागत अनुमान तयार गर्दाको बखत नै अधिकार पाप्त अधिकारीले लागत अनुमान तथा डइङ्ग डिजाइनको बिस्तृत अध्ययन गरी लागत अनुमान तयार गरी बोलपत्र निष्काशन गर्नुको साथै परिमाण घटी बढीमा भेरिएशन आदेश जारी गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| सि. नं. | योजनाको नाम | शुरू लागत अनुमान | संशोधन अनुमान | सम्झौता रकम | भेरिएशन रकम | कैफिएत |
|---|---|---|---|---|---|---|
| १. | गाउपालिका प्रशसकिय भवन | ९६९९५१४ | १०१६७८३३ | ८०५८१३५ | ८५०८८२ | १०।२५ |
| २. | नमुना विद्यालय,हलेश्वर माद्यामिक विद्यालय | ९९९८२१५.३२ | १२०२९७९५ | ६३३०४४२.४८ | १५३४८०३.५५ | २४.२४ |

७६.१२ **ठेक्का व्यवस्थापन** – सार्वजनिक खरिद नियमावली, २०६४ मा प्रथम चौमासिक भित्र ठेक्का सम्झौता गरि सक्नु पर्ने व्यवस्था छ। ठेक्काको अभिलेख परीक्षण गर्दा यस वर्ष देहाय अनुसार रु.१३ करोड ४७ लाख ७१ हजारको १५ वटा ठेक्का सम्झौता भएको देखिन्छ ।

| ब.उ.सि.न | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको | | यस वर्ष सम्पन्न |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| | १५ | १३४७७१ | १३ | ११५८२७ | ० | ० | २ | १८९४४ | ० | ० | १४ |

यस बर्ष भएको कूल रु १३ करोड ४७ लाख ७१ हजारको १५ ठेक्का सम्झौता मध्ये पहिलो चौमासिकमा १३ वटा, दोस्रो चौमासिकमा ० वटा र तेस्रो मासिकमा २ वटा सम्झौता भएको देखिन्छ । यस बर्षको कुल ठेक्का सम्झौता मध्ये १४ वटा ठेक्का यसै आर्थिक वर्षाभित्र सम्पन्न भएको देखिन्छ। पहिलो चौमासिक भित्र सबै ठेक्का वन्दोवस्त हुन नसकेकोले यस आर्थिक वर्षा भित्र न्युन लागत भएका ठेक्का सम्पन्न भएको देखिन्छ। नियमानुसार ठेक्का वन्दोवस्त सम्बन्धी कार्य समयमै सम्पन्न गर्नुपर्दछ ।

## ७७ लघु उद्यम विकास कार्यक्रम

गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद १० को २ मा स्थानीय तहमा शाखा तथा उद्यम विकास समितिले कार्यक्रमको नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ।उद्यम विकास समितिले गरेको अनुगमनको प्रतिवेदन उद्यम विकास समितिको सदस्य सचिवले कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन कार्यलयसमक्ष पेश गरेको पाइएन। निर्देशिकामा भएको व्यवस्थाको पालनातर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।

## ७८ उपभोक्ता समितिको काम

७८.१ **उपभोक्ता समितिको काम निर्माण ब्यवसायीले गरेको-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को१३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ। यस पालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिन्छ । यसरी उपभोक्ता समितिलाई दिएको काम निर्माण ब्यावसायीबाट गराएको नियमसंगत मान्न सकिने आधार देखिएन ।अतः पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदारण निम्न छन् ।

| गो. भौ.न र मिति | योजनाको नाम | निर्माण ब्यवसायी नाम | भुक्तानी रकम | ब्यवसायीले गरेको काम |
|---|---|---|---|---|
| ८।२०८०।६।२९ | वासपोखरी सडक निर्माण उ. स. | सडक निर्माण | ५०००० | २३४९२७ |
| ९।२०८०।६।२९ | वडा भरी सडक मर्मत तथा सरसफाई उस. | पाचपोखरी निर्माण सेवा | ४००००० | १९२२१३ |
| १५।२०८०।६।३० | जामुने केसरी छेसाखोर सडक उ. स. | युवराज एण्ड निराज कन्स्टक्शन | ८००००० | २७७८५० |
| १८।२०८०।६।२२ | फेदी टासी सडक सरसफाई उ. स. | यार्सा भुमे कन्स्टक्शन प्रा लि | ३००००० | २९८८००० |
| २०।२०८०।८।२५ | वडाभरीका सरसफाई तथा मर्मत उ. स. | हातेमालो निर्माण उ स | ६००००० | २७२१०४ |
| ३१।२०८०।९।५ | कालुङखोला खुरुम्ची कृषि सडक उ. स. | साहारा इन्फा डेभलर्स एण्ड सप्लार्स | ३००००० | १३१०७४ |
| ३६।२०८०।११।१८ | सिमिगाउ खेलकुद मैदान नि. उ.स. | बिनो बिर्जु निर्माण सेवा | ४५०००० | १२०००६ |
| ४०।२०८०।११।२१ | वडा न ३ सडक सरसफाई उ. स. | अल स्ट्रेट मल्टिपर्पोज | ३५०००० | १९९८०९ |
| ११९।२०८१।२।१६ | वगण्डी झाङग्राली सडक नि .उ. स.. | आधुनिक कन्संटक्शन एण्ड सप्लार्स | १४४८३६० | ७२५४३१ |
| १४३।२०८१।२।२८ | जामुने केसरी छेसाखरि सडक नि. उ .स. | कालिञ्चोक भगवती कन्स्टक्शन सप्लार्स | १०००००० | १४५७७० |
| १८९।२०८१।३।२० | गुम्वाडाडा लालीगुम्वा सडक नि. उ. स. | दालदुङ्ला हिल्स कन्स्टक्शन एण्ड सप्लार्स | २०००००० | २१७०५०४ |
| १९०।२०८१।३।२० | थुम्बुदेखि टोक्दिङसम्म बाटो नि. उ. स. | ईन्फा अमयपुर कन्स्टक्शन एण्ड सप्लार्स | १५००००० | २०६४०५ |
| २१२।२०८१।३।२४ | देलेदगर यम्वा सडक नि .उ .स. ५ | कालिञ्चोक भगवती कन्स्टक्शन सप्लार्स | १५५८९९७ | १७१०८२० |

७८.२ **नापी किताव**- निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।

७८.३ **जनश्रमदान**- सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको असूल गर्नुपर्ने देखिएको रू

| गो.भौ.नं. | उपभोक्ता समिति र काम | मुल्याङन रकम | जनसहभागिता हुनु पर्ने रकम | जनसहभागिता भएको रकम | घटी अनुपातिक कट्टी रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| ८४।२०८०।१२।८ | इविथान सामुहिक घर तथा खेल मैदान उ .स. | ५४२६२० | ५४२६२ | ४०९९७ | १३२६५ | गा पा |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **३,३५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,२६५ |

७८.४ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन।सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ।

७८.५ **गुणस्तर परीक्षण**- सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।अतः कार्यालयले निर्माण तथा खरिद गरेका समानको परिक्षण गराउन तर्फ ध्यान दिनु पर्दछ।केही उदाहरण निम्न अनुसार छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | जामुने केसरी छेसाखोर सडक निर्माण | सडक निर्माण उ. स .८ | ३८८०००० |
| २ | काप्सा खानेपानी निर्माण | खानेपानी निर्माण निर्माण उ. स . | २४२५००० |
| ३ | च्यानडाडा तल्लो केशरी खानेपानी | खानेपानी निर्माण निर्माण उ. स. | १८७७१४४ |
| ४ | खेलमैदान पर्खाल कम्पाउण्ड निर्माण | ग्रिल पर्खाल निर्माण उ. स. | ११००००० |
| ५ | थुम्वा देखि टोक्दिङ्ग बाटो निर्माण | बाटो निर्माण उ .स. | १५००००० |

७८.६ **मु. अ. कर बिजक बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू. ८६५१०।०० नियमसंगत देखिएन । अतः पालिका कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी संघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.

| भौचर नं. र मिति | उपभोक्ता समितीको नाम | कामको बिवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १५।२०८१।१।२५ | काप्सा खानेपानी निर्माण उ. स. | बिभिन समान | १८७२०३ | १३०९५० | ५६२५३ | प्रदेश |
| ९५।२०८०।१२।८ | हलेश्वर आ बि. नि. उ ..स. | ईटा २७५६ | १००५९ | २७०४ | ७३५५ | गा. पा. |
| १११।२०८१।२।१ | क्ष्यार ठिगन छ्योलिङ्ग गुम्वा | ईटाको काम ५२५२ईटा | १९१७० | ६८२७ | १२३४२ | |
| १९०।२०८१।३।२० | थुम्बुदेखि टोक्दिङसम्म बाटो नि उ.स. | सिमेन्ट ३५२ | ४०१२८ | २९५६८ | १०५६० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८६,५१० |

७८.७ **अनुगमन समिक्षा नभएको** - स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०८०।८१ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन पेश गरेको देखिन्छ भने पालिकाद्बारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा पालिकाद्बारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।

७८.८ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४, को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ।लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन।प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ

७८.९ **उपभोक्ताको काम** -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्री हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले

निर्धारण गर्न सक्ने उल्लेख छ।यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएकोमनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन।सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरीदेखिएकोछ।केही उदाहरण निम्न छन्।

| सि. नं. | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | वासपोखरी सडक निर्माण उ. स. | सडक निर्माण | ५००००० |
| २ | काप्सा खानेपानी निर्माण उ. स. | खानेपानी निर्माण | २४२५००० |
| ३ | जामुने केसरी छेसाखोर सडक उ. स. ८ | सडक निर्माण | ३८८०००० |
| ४ | च्यानडाडा तल्लो केसरी खानेपानी उ. स. | खानेपानी निर्माण | १८७७१७४ |
| ५ | जामुने केसरी छेसाखोर सडक उ. स. | सडक निर्माण | ८००००० |
| ६ | खेलमैदान पर्खाल कम्पाउण्ड निर्माण उ. स. | पर्खाल निर्माण | ११००००० |
| ७ | बेदिङ हेलिप्याड निर्माण उ. स. | हेलि प्याड निर्माण | ५००००० |
| ८ | वडा न३ वडा कार्यालय भवन निर्माण उ. स. | भवन निर्माण | ७९३९९८ |
| ९ | वगण्डी झाडग्राली सडक नि .उ. स. | सडक निर्माण | १४४८३६० |
| १० | जामुने केसरी छेसाखोर सडक नि .उ. स. | सडक निर्माण | १०००००० |
| ११ | सुरीभरी खानेपानी निर्माण तथा मर्मत उ. स. | खानेपानी निर्माण | ६००००० |
| १२ | लुवाङसा सामुदायिक स्वास्थ्य भवन नि. उ .स | भवन निर्माण | १०००००० |
| १३ | यार्सा लुकुवा सडक निर्माण उ. स. | सडक निर्माण | १६००००० |
| १४ | गुम्वाडाडा लालीगुम्वा सडक नि. उ .स. | सडक निर्माण | २०००००० |
| १५ | स्यावलिङ गुम्वा निर्माण उ .स. | गुम्बा निर्माण | ५००००० |

७८.१० **हाते बिल भरपाई** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नु पर्ने ब्यवस्था छ।यस कार्यालयबाट उपभोक्ता समितिद्वारा निमार्ण तथा खरिद कार्यको लागी बिभिन्न समानको बिल भरपाईको भुक्तानी दिदा प्राबिधिक मुल्याङकनलाई आधार नलिई उपभोक्ताकाले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ ।यसरी प्राबिधिकले मुल्याङकंन गरी पेश गरेको बिलको आधारमा उपभोक्ता समितिबाट बिल भरपाई नलिई प्रयोग हुने एउटा मात्र समानको बिल धेरै पेश गरेको आधारमा भुक्तानी भएको कारण कार्यालयद्धारा निर्माण भएका काम वास्तबिक हुन भन्न सकिने आधार देखिएन। अतः कार्यालयले निर्माण कार्यमा प्रयोग भएका वास्तबिक बिल भरपाइ मात्र भुक्तानी भौचरसँग राख्न तर्फ ध्यान दिनु पर्दछ।यस्ता केही उदाहरण निम्न छन् ।

| सि.न. | योजनाको नाम | भुक्तानी रकम | समानको नाम | पेश भएको बिल रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | काप्सा खानेपानी निर्माण योजना | २४२५००० | वालुवा गिट्टी | २३७००० | लिखितम भरपाई |
| २. | जामुने केसरी छेसाखोर सडक ८ | ३८८०००० | वालुवा गिट्टी | ५०३००० | लिखितम भरपाई |
| ३. | च्यानडाडा तल्लो केसरी खानेपानी | १८७७१७४ | वालुवा गिट्टी | ७०००० | लिखितम भरपाई |

७८.११ **उपभोक्ता समिति परिचालन कार्यविधि** - अन्तर सरकारी बित्त ब्यवस्थापन ऐन, २०७४ मा संघ र प्रदेशको कानुनसंग बाझिने गरी स्थानीय तहले कानुन कर्यबिधि निर्माण गर्न नहुने ब्यवस्था छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गरिने कार्यमा जनसहभागिताको अंशदान राख्नु पर्ने ब्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा ब्यवस्थापन समवन्धी कार्यविधि, २०७५ को बुदा नं. ७ मा पूर्वाधार संरचना निर्माणमा शुन्य प्रतिशत लागत सहभागिता रहने ब्यवस्था गरेको छ । पालिकाले निर्माण गरेको कार्यविधि सार्वजनिक खरिद नियमावली २०६४ संग बाझिएको देखिन्छ । अतः पालिकाले संघिय कानुन संग बाझिने गरी कानुन निर्माण नगर्नुको साथै बाझिएका ऐन कानुन र कार्यविधि संशोधन गर्न तर्फ ध्यान दिनु पर्दछ ।

७८.१२ **उपभोक्ता समितिलाई ओभरहेड भुक्तानी** – सार्वजनिक खरीद नियमावली, २०६४ नियम ९७ को ४ मा उपभोक्ता समितिको बिलको रकम भुक्तनी गर्दा ओभरहेडको अंश घटाई भुक्तानी दिनु पर्ने ब्यवस्था छ । यस पालिकाले निम्न कार्यको लागत अनुमानमा ओभरहेड रकम समावेश गरेकोमा भुक्तानी गर्दा ओभरहेडको अंश नघटाई रु १९६१८१।०० भुक्तानी गरेको देखिन्छ । अतः पालिका कार्यालयले नपाउने रकम भुक्तानी गरेको देखिएकोले असुल गरी दाखिला गर्नु पर्ने देखिएको रू

| भौचर न्ं. र मिति | योजनाको नाम तथा उपभोक्ता समितिको नाम | समानको नाम र परिमाण | दर | रकम |
|---|---|---|---|---|
| २।२०८०।९।५ | जामुने केसरी छेसारखोरे सडक नि .उ. स ८ | मेशिन मेड जिली निर्माण तथा खरिद ६९९ घ मी | २८०।६६ | १९६१८१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९६,१८१ |

७८.१३ **अनुत्पादक क्षेत्रमा लगानी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,उत्पादनमूलकतथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस पालिकाले सामुदायिक भवन, मसानघाट क्लब भवन, मन्दिर तथा गुम्बा निर्माण, खेलकुद मैदान जस्ता अनुत्पादक योजनाहरु समेत अधिक संख्यामा छनौट गरी खर्च गरेको पाइयो।यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन्् ।

| सि. नं. | भौचर नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | ८४।२०८०।१२।८ | नेटासी जिङमा छोलिङ गुम्बा नि. उ .स. | ६०००००० |
| २ | १११।२०८१।२।१ | श्यार ठिगन छ्योलिङ्ग गुम्वा | ३८९५२८ |
| ३ | ११२।२०८१।२।१३ | राजपु चर्च घर निर्माण उ .स. | १५०००० |
| ४ | १३२।२०८१।२।२८ | एकिकृत मुडुला कार्की कुल समाज घर निर्माण | १२९३०० |

७८.१४ **सामुदायिक भवन निर्माण**- स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने ब्यवस्था छ भने दफा ९७ मा गाउपालिका तथा नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको संरक्षण गर्ने जिम्मेवारी स्थानिय तहको रहेने ब्यवस्था छ । यस पालिका कार्यालयले उक्त उल्लेखित ब्यवस्था बिपरित सरकारी सार्वजनिक जग्गाको संरक्षण नगरी सार्वजनिक जग्गामा लालपुर्जा र नक्शा पास नगरी निम्न सामुदायिक भवन निर्माण गरी भुक्तानी दिएको रकम नियमसंगत देखिएन ।अतः पालिका

कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी स्थानिय सरकार संचालनको भावना र मर्म अनुसार भवन निर्माण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन्

| सि. नं. | भौचर न | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | ८४।२०८०।१२।८ | इविथान सामुहिक घर तथा खेल मैदान उ.स. | ५०००००० |
| २ | ९४।२०८१।१।१३ | सामाज घर निर्माण ववडा न २ | २००००० |
| ३ | ११४।२०८१।२।१४ | सामाज घर निर्माण ववडा न २ | ३००००० |
| ४ | १६४।२०८१।३।१२ | समाज घर ब्यवस्थापन उ स ५ | ३००००० |
| ५ | १८१।२०८१।३।२० | आमा समुहघर निर्माण उ स | ४००००० |
| ६ | १८३।२०८१।३।२० | कालिकोटे खडका समाज घर निर्माण | ३००००० |
| ७ | १८४।२०८१।३।२० | सामुदायिक भवन निर्माण वडा न ६ | १५०००० |
| ८ | १८५।२०८१।३।२० | केशरी समाज घर निर्माण | ३००००० |
| ९ | १८२।२०८१।३।२० | लुवाङसा सामुदायिक स्वास्थ्य भवन | १०००००० |

७८.१५ **मु. अ. कर. समायोजन प्रमाण पेश गर्नुपर्ने-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ।यस पालिकामा संचालित उपभोक्ता समितिले प्राप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छन् । अतः यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।साथै यसरी निर्माण ब्यावसायीले गरेको कार्यको भुक्तानी दिदा मु.अ.कर बिजक पेश गरेको तर मु.अ.कर भुक्तानीको जानकारी आन्तरिक राजस्व कार्यालयलाई समेत दिएको देखिएन।अतः यसरी गाउपालिकामा पेश भएको बिजकको मु.अ.कर समायोजन गरेको भए निर्माण ब्यावसायीको मु.अ. कर समायोजन प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रू

| गो. भौ.न र मिति | योजनाको नाम | निर्माण ब्यवसायी नाम | भुक्तानी रकम | मू.अ. कर |
|---|---|---|---|---|
| ८।२०८०।६।२९ | वासपोखरी सडक निर्माण उ. स.. | पाचपोखरी निर्माण सेवा | २३४९२७ | २७०२७ |
| ९।२०८०।६।२९ | वडा भरी सडक मर्मत तथा सरसफाई उ स. | पाचपोखरी निर्माण सेवा | १९२२१३ | २२११९ |
| १५।२०८०।६।३० | जामुने केसरी छेसाखोर सडक उ. स. | युवराज एण्ड निराज कन्स्टक्शन | २७७८५० | ३१८५० |
| १८।२०८०।६।२२ | फेदी टासी सडक सरसफाई उ .स. | यार्सा भुमे कन्स्टक्शन प्रा लि | २९८८०० | ३८८४४ |
| २०।२०८०।८।२५ | वडाभरीका सरसफाई तथा मर्मत उ. स. | हातेमालो निर्माण उ स | २७२१०४ | ३१३०४ |
| ३१।२०८०।९।५ | कालुङखोला खुरुम्ची कृषि सडक उ. स.. | साहारा इन्फा डेभलर्स एण्ड सप्लार्स | १३१०७४ | १५०७९ |
| ३६।२०८०।११।१८ | सिमिगाउ खेलकुद मैदान नि. उ . | बिनो बिर्जु निर्माण सेवा | १२०००६ | १३८०६ |
| ४०।२०८०।११।२१ | वडा न ३ सडक सरसफाई उ. स. | अल स्ट्रेट मल्टिपर्पोज | १९९८०९ | २२९८६ |
| ११९।२०८१।२।१६ | वगण्डी झाडग्राली सडक नि. उ .स. | आधुनिक कन्संटक्शन एण्ड सप्लार्स | ७२५४३१ | ८३४५६ |
| १४३।२०८१।२।२८ | जामुने केसरी छेसाखोर सडक नि. उ.. स. | कालिञ्चोक भगवती कन्स्टक्शन सप्लार्स | १४५७७० | १६७७० |
| १८९।२०८१।३।२० | गुम्वाडाडा लालीगुम्वा सडक नि. उ. स. | दालदुङला हिल्स कन्स्टक्शन एण्ड सप्लार्स | २१७०५०४ | २४९७०४ |
| १९०।२०८१।३।२० | थुम्बुदेखि टोक्दिङसम्म बाटो नि. उ. स. | ईन्फा अमयपुर कन्स्टक्शन एण्ड सप्लार्स | २०६४०५ | २३७४५ |
| २१२।२०८१।३।२४ | देलेदगर यम्वा सडक नि. उ .स .५ | कालिञ्चोक भगवती कन्स्टक्शन सप्लार्स | १७१०८२० | १९६८२० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७३,५१० |

७८.१६ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।पालिकाले निम्न निर्माणको कार्यमा जाली र ढुंगाको भराईमा रू ३७९१२।०० बढी भुक्तानी दिएको देखिन्छ।यसरी जाली बेगर ढुगां भराईको बढी रकम भुक्तानी दिएको नियमसंगत देखिएन।अतः पालिका कार्यलयले यसरी बढी भुक्तानी दिएको रकम एकिन गरी असुल गर्नु पर्ने देखिएको रू

| भौचर नं. र मिति | योजनाको नाम | कामको नाम | जालि परिमाण | ढुगा परिमाण | फरक | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| १४३।२०८१।२।३० | जामुने केसरी छेसाखारे सडक नि. उ .स. | ग्याबिमा ढुगा भराई | १२३ | १३७ | १४ | २७०८ | ३७९१२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,९१२ |

## ७९ कार्यक्रम अभिलेख खाता

सार्वजनिक गोष्ठी, सार्वजनिक रुपमा दिइने आय आर्जन, सीप विकास, सशक्तिकरण, चेतना जागरण जस्ता तालिम सञ्चालन, चेतनामूलक सूचना/विज्ञापन/रेडीयो कार्यक्रम जस्ता कार्यमा खर्च शिर्षक नं २२५२२ कार्यक्रम सम्बन्धी खर्च शीर्षकवाट यस वर्ष रु ३,४१,५१,७११ खर्च भएको देखिन्छ ।यस्ता कृयाकलापमा खर्च गर्दा भएको खर्च र उपलव्धी देखिने गरी कार्यक्रम अभिलेख खाता राख्ने गरेको छैन । कार्यक्रम अभिलेख खाता नराखेकोकारण खर्च रकमबाट प्राप्त उपलव्धी मापन गर्न सकिने आधार भएन।त्यसैले यस्ता कार्यक्रम सञ्चालन गरी खर्च गर्दा खर्च र उपलव्धी स्पष्ट देखिनेगरी अभिलेख राख्नुपर्दछ ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्ने देखिएको छ ।

## ८० निर्देशिका तथा मापदण्ड

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ।गाउँपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन।यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन।गाउँपालिकाले कार्यक्रम कार्यान्वियन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।गाउँपालिकाले कृषि औजार लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा वितरण लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनोट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन।यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन।यसमा सुधार हुनु पर्दछ।

८१ **सामाजिक सुरक्षा** -

आर्थिक वर्ष २०८०।८१ मा गाउँपालिकाले वितरण गरको सामाजिक सरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहको छ ।

| गाउँपालिकाको जनसंख्या(२०७८सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|
| १५९९५ | २८४५ | १७.७८ | २८८३९९६० |
| १५९९५ | २८८५ | १८.०४ | २९३६६००३ |
| १५९९५ | २९१२ | १८.२० | २९४७९९०२ |
| १५९९५ | २९४१ | १८.३८ | २९८२६७८३ |
| जम्मा | ११५८३ | | ११,७५,१२,६४८।- |

८२ **दोहोरो भुक्तानी** –

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २१ मा स्थानीय तहले ऐनको दफा १७ को उपदफा ३ बमोजिम नेपाल सरकारबाट नेपाल राजपत्रमा मिति २०७७/०७/२४ मा प्रकाशित अनुसूची-९ बोमोजिमको सूचना अनुसार बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले लाभग्राहीको खातामा एउटै त्रैमासिकमा दोहोरो भुक्तानी गरेको छ।दोहोरो भुक्तानी रु.१,२०,०००।- असूल गरी सँघीय सञ्चितकोष दाखिला गर्नुपर्ने रू.

| क्र. सं. | किस्ता | वडा | परीचय पत्र नं. | लाभग्राहीको नाम | ना. प्र. नं | भत्ता रकम |
|---|---|---|---|---|---|---|
| १ | ४ किस्ता | ५ | २००७०६०७०१९७९<br>२००७०६०७०११३६ | गणेश बहादुर भुजेल | ८४१२१६० | ४८००० |
| २ | ४ किस्ता | ८ | २००१०४०४०१९८२<br>२००५०६०४०२३२५ | गडुले तामाङ | १०३०३३७० | ४८००० |
| ३ | १ किस्ता | ५ | २००७०५१००७३२९<br>२००७०५१००८०२२ | पृथ बहादुर कार्की | २२०१७००२९२६ | १२००० |
| ४ | १ किस्ता | ७ | २००९१००८०१३६३<br>२००९१००८०३१०४ | बम बहादुर मगर | ५७३११२ | १२००० |
| | | | जम्मा | | | १२००००।- |

| असुल गर्नुपर्ने | १,२०,००० |
|---|---|

८३ **अयोग्य व्यक्तिले भत्ता पाएको**–

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३३ मा कानून बमोजिम भत्ता नपाउने व्यक्तिले भत्ता दिएको ठहरेमा स्थानीय तहको न्यायिक समितिले आवश्यक कारबाही गरी भुक्तानी भई सकेको रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ।यस पालिकाबाट निम्न बमोजिमका भत्ता पाउन अयोग्य व्यक्तिहरुलाइ भत्ता वितरण गरेको देखियो। यसरी वितरण गरेको भत्ता असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | गाउँपालिका/ नगरपालिका | वडा नं. | लक्षित समूह | परिचय नं. | नाम | जन्म मिति | नागरिकता नं. | लगत कट्टाको कारण | महिना | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गौरिशंकर | ५ | विधवा | 2037081600108 | टहल माया विश्वकरमा | 2037-08-16 | २२३०३२/३८१ | अयोग्य व्यक्तिले भत्ता पाएको प्रमाणित भएको | १२ | ३१९२० |
| २ | गौरिशंकर | ५ | अति अशक्त अपाङ्गता भत्ता | 2050030700101 | पेमा लामा | 2050-03-07 | २२-०१-७२-०२५३९ | अयोग्य व्यक्तिले भत्ता पाएको प्रमाणित भएको | १२ | २५५३६ |
| ३ | गौरिशंकर | ५ | लोपन्मुख जाति | 2044102900145 | प्रमिला सुरेल | 2044-10-29 | ३९२३६/१९०७ | अयोग्य व्यक्तिले भत्ता पाएको प्रमाणित भएको | १२ | ४७८८० |
| ४ | गौरिशंकर | ५ | लोपन्मुख जाति | 2043022500084 | पशुपती सुरेल | 2043-02-25 | २२३०३२/१०९ | अयोग्य व्यक्तिले भत्ता पाएको प्रमाणित भएको | १२ | ४७८८० |
| | जम्मा | | | | | | | | | १५३२१६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,२१६ |

८४ **लगत कट्टा भएका लाभग्रहीको नाममा निकासा–**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने, लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने, लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीयतहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ। साथै दफा १५ (२) मा भत्ता खाइपाई आएको कनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ। पालिकाले देहायका लाभग्राहीको खातामा लगत कट्टा भईसके पनि रु.२,११,९०९।- बढी रकम लाभग्राहीको खातामा पठाएको हुदा सो रकम फिर्ता गरी संघीयसञ्चितकोषमा दाखिला हुनुपर्ने रू.

| क्र.सं. | वडा नं. | लक्षित समूह | परिचय नं. | नाम | नागरिकता नं. | लगत कट्टाको कारण | लगत कट्टा लागु मिति | लगत कट्टा गरेको मिति | बढि महिना | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 5 | अन्य जेष्ठ नागरिक भत्ता | 2005040304245 | पदम बहादुर श्रेष्ट | ५९-२०३ | मृत्यु | 2079-08-01 | 2080-07-19 | ११ | ४४००० |
| २ | 4 | अन्य जेष्ठ नागरिक भत्ता | 2009011011664 | पेमा शेर्पा | २२३०३७-१८० | मृत्यु | 2080-01-21 | 2080-01-21 | ६ | २४००० |
| ४ | 3 | अन्य जेष्ठ नागरिक भत्ता | 1995021400654 | बिमाई तमाङ्नी | 1895-24 | मृत्यु | 2080-11-22 | 2080-11-22 | १.८ | ५०६४ |
| ५ | 3 | अन्य जेष्ठ नागरिक भत्ता | 1995041100488 | कृष्ण बहादुर खड्का | 1682-788 | मृत्यु | 2081-03-20 | 2081-03-20 | ०.१० | १३३० |
| ६ | 3 | अन्य जेष्ठ नागरिक भत्ता | 1995060800646 | अविदल बस्नेत | 13242538 | मृत्यु | 2081-03-04 | 2081-03-04 | ०.२६ | ३४५८ |
| ७ | 3 | अन्य जेष्ठ नागरिक भत्ता | 1986113000227 | कमाने तमाङ | 2031 | मृत्यु | 2080-06-18 | 2080-06-18 | ०.१२ | १५९६ |
| ८ | 7 | अन्य जेष्ठ नागरिक भत्ता | 1985060500247 | अम्विका देवी श्रेष्ठ | 205-3162 | मृत्यु | 2080-06-17 | 2080-06-17 | ०.१३ | १७२९ |
| ९ | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1994040800172 | ले मी शेर्पा | 330-4485 | मृत्यु | 2080-11-13 | 2080-11-13 | १.१७ | ६२६१ |
| १० | 4 | अन्य जेष्ठ नागरिक भत्ता | 1985081000599 | तारा मै तमाङ | 223037228 | मृत्यु | 2080-09-17 | 2080-09-17 | ०.१३ | १७२९ |
| ११ | 3 | अन्य जेष्ठ नागरिक भत्ता | 2003050201312 | मन माया खडका | 953-1798 | मृत्यु | 2081-02-29 | 2081-02-29 | १.१ | ४१३३ |
| १३ | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1994070400422 | नरे शेर्पा | 138-44 | मृत्यु | 2080-10-24 | 2080-10-24 | २.६ | ८७९८ |
| १४ | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2003080401385 | कितुम्बा शेर्पा | 4412662 | मृत्यु | 2080-05-30 | 2080-05-30 | ४ | १६००० |
| १६ | 2 | अन्य जेष्ठ नागरिक भत्ता | 2009012201645 | ढाल बहादुर खत्री | १३८४५३९ | मृत्यु | 2080-09-06 | 2080-09-06 | ०.२४ | ३१९२ |
| ११ | 5 | पूर्ण अपाङ्गता भत्ता | 2052031007908 | इन्द्र कुमारी पाण्डे | २२।०१।६९। ००१०५ | मृत्यु | 2080-10-01 | 2080-10-01 | ३ | ११९७० |
| १८ | 3 | अन्य जेष्ठ नागरिक भत्ता | 2000080101049 | डम्मर कुमारी कार्की | 1362-1169 | मृत्यु | 2080-10-22 | 2080-10-22 | २.८ | ९०६४ |
| १९ | 5 | अन्य जेष्ठ नागरिक भत्ता | 1990081100365 | मैती तमाङ | २२३०३२-११८ | मृत्यु | 2081-02-23 | 2081-02-23 | १.७ | ४९३१ |
| २० | 5 | अन्य जेष्ठ | 2000071201843 | टिकिमाया | १०१६/२०९५ | मृत्यु | 2080-11-05 | 2080-11-05 | १.२५ | ७३२५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नागरिक भत्ता | | तमाङनी | | | | | | |
| २१ | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 1992030500398 | पदम बहादुर बिक | 1384-3137 | मृत्यु | 2080-11-03 | 2080-11-03 | १.२७ | ७५९१ |
| २२ | 4 | अन्य जेष्ठ नागरिक भत्ता | 2005021701351 | कृष्ण माया बस्नेत | 1649/104 | मृत्यु | 2080-09-07 | 2080-09-07 | ०.२३ | ३०५९ |
| २३ | 7 | अन्य जेष्ठ नागरिक भत्ता | 2002020502963 | बुधे शेर्पा | 38-3397 | मृत्यु | 2080-08-22 | 2080-08-22 | १.८ | ५०६४ |
| २४ | 6 | जेष्ठ नागरिक एकल महिला | 2020011500671 | याङ्जी शेर्पा | 14561 | मृत्यु | 2081-03-09 | 2081-03-09 | ०.२१ | १८६२ |
| २५ | 9 | जेष्ठ नागरिक एकल महिला | 2017030200176 | पेममाया तमाङ | 626।55 | मृत्यु | 2080-08-16 | 2080-08-16 | १.१४ | ३९०१ |
| २६ | 2 | अन्य जेष्ठ नागरिक भत्ता | 2001031505411 | गंगा बहादुर खत्री | 1572 | मृत्यु | 2080-08-25 | 2080-08-25 | १.५ | ४६६५ |
| २७ | 4 | अन्य जेष्ठ नागरिक भत्ता | 2002040502886 | औलामाया कार्की | 7121581 | मृत्यु | 2080-08-15 | 2080-08-15 | १.१५ | ६००० |
| २८ | 7 | अन्य जेष्ठ नागरिक भत्ता | 1987120100562 | दिल बहादुर तमाङ | 223034-3 | मृत्यु | 2080-08-08 | 2080-08-08 | १.२२ | ६९२६ |
| २९ | 7 | अन्य जेष्ठ नागरिक भत्ता | 1990040300704 | छौङलकी शेर्पा | ९४४४१ | मृत्यु | 2080-11-25 | 2080-11-25 | १.५ | ४६६५ |
| ३० | 8 | अन्य जेष्ठ नागरिक भत्ता | 2003070101714 | मान बहादुर खत्री | 3316-569 | मृत्यु | 2081-01-25 | 2081-01-25 | २.५ | ८६६५ |
| ३१ | 6 | अन्य जेष्ठ नागरिक भत्ता | 2003070300738 | दल माया गुरुङ | 269-1106 | मृत्यु | 2080-05-23 | 2080-05-23 | १.७ | ४९३१ |
| | | जम्मा | | | | | | | | २११९०९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,११,९०९ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गौरिशंकर गाउँपालिका, दोलखा , गौरीशंकर गाउँपालिका , दोलखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Rijesha Uparkoti | २०८१-७-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Tulasi Ram Katel | २०७६-९-३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८६१,९९२ | १२,२६०,३३२.५ | ८,०३०,००९ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २१,१५२,३३३.५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २०३,१९४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २०,९४९,१३९.५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४७८३८१४३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०१८५३५५४.६ | चालु खर्च | ३३३२३०५१२.६ |
| प्रदेश सरकारबाट अनुदान | ४९३९४१८८ | पूँजीगत खर्च | १५२१८७१४५.७ |
| राजश्व बाँडफाँट | १३७६९५११८.८८ | वित्तीय/अन्य व्यवस्था | १४७३६७७३८.४६ |
| आन्तरिक आय | ३७६२०९१.९६ | | |
| अन्य आय | १५७५५४११९.२२ | | |
| कुल आय | ६५०२५९०७२.६६ | कुल खर्च | ६३२७८५३९६.७६ |
| बाँकी मौज्दात | | ६५३११८१८.९ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- स्थानीय तहमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।